# परिच्छेद - एक

# परिचय

## १.१अध्ययनको पृष्ठभूमि

कक्षा ६ देखि ८ सम्मको संरचनालाई निम्न माध्यमिक तह भनिन्छ । यस तहमा ११ वर्ष पूरा भई १३ वर्ष सम्मका बालबालिकाहरुको उमेर समूह हुनेछ । निम्न माध्यमिक शिक्षाको उद्देश्य राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ, स्वालम्बी एवम् चरित्रवान नागरिक तयार पार्नु हो (अधिकारी,२०६७ :२२६) । शिक्षाको राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र शिक्षाको गुणस्तर अभिवृद्धि हुन सक्दछ । पाठ्यक्रमको सही रुपमा कार्यान्वयन गर्नका लागि प्रभावकारी शिक्षणसिकाई प्रक्रियाका साथै मूल्याङ्कन प्रणालीको विशेष भूमिका रहेको हुन्छ ।

मूल्याङ्कन शिक्षा तथा मनोविज्ञानको क्षेत्रमा प्रयोग गरिने नयाँ अवधारणा हो । शैक्षिक क्षेत्रमा मूल्याङ्कनलाई जाँच, परीक्षा मापन आदिको नामबाट प्रयोग गर्दै आएको पाइन्छ । नेपालको विद्यालय तहको मूल्याङ्कन प्रणाली पनि यिनै जाँच, परीक्षा, मापन आदिको नामबाट संञ्चालन भएको पाईन्छ । कुनै पनि विषयवस्तुको लेखाजोखा, छानविन र जाँचबुझ गर्नुलाई मूल्याङ्कन भनिन्छ । विद्यालयमा जब विद्यार्थीहरु पढ्न थाल्दछन् त्यसैबेलादेखी विद्यार्थीको उपलब्धिको लेखाजोखा गरिन्छ । मूल्याङ्कन केवल विद्यार्थीको पठनपाठनको लेखाजोखा मात्र नभएर यसले सारा शैक्षिक कार्यक्रमकै लेखाजोखा गर्दछ । शिक्षा क्षेत्रमा निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाई क्रियाकलाप संञ्चालन गरिन्छ । शिक्षण सिकाई क्रियाकलापबाट अपेक्षित उपलब्धि हासिल भए वा भएनन र विद्यार्थीको अनुहारमा के -कति परिवर्तन आयो वा आएन जस्ता कुराहरुको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो । यस्तो मूल्याङ्कनबाट प्राप्त नतिजाले निर्धारित उद्देश्य पुरा गर्न नसक्नुका कारणहरु खोजी शिक्षण सिकाइमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाउन सकिन्छ । मानिसले आफ्नो दैनिक जीवनमा आइपर्ने कतिपय काम कारबाहीहरुका सिलसिलामा गल्ती कमजोरीहरु गर्न सक्छ । त्यस्ता गल्ती कमजोरीहरुको पहिचान गरी आगामी दिनमा दोहोरिन नदिन मूल्याङ्कनले मार्ग निर्देशन गर्दछ ( अधिकारी, २०६७ : ३९५) ।

कक्षा क्रियाकलाप र शिक्षण सिकाईका क्रममा पनि विभिन्न साधनहरुको प्रयोग गरी विद्यार्थीको प्रगतिको मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थी स्वंयमले पनि आफूले सिकेका, अनुभव गरेका र सम्पन्न गरेका कार्यका आधारमा सिकाई प्रगतिको लेखाजोखा गरी त्यसका आधारमा शिक्षण सिकाई कार्यमा निरन्तर सुधार गरीने भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाकै एउटा अभिन्न अंगका रुपमा लिइन्छ । विद्यार्थीको समग्र उपलब्धिलाई परीक्षा तथा अन्य साधनबाट पनि परीक्षण गरीन्छ । प्राप्त

नतिजाको विश्लेषण गरी त्यसको व्याख्या र विश्लेषणमा मूल्याङ्कनको अहम भुमिका हुन्छ । निरन्तर मूल्याङ्कन प्रणाली भन्नाले शिक्षण सिकाई क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाई उपलब्धिको लेखाजेखा गरी उनीहरुको स्तर पत्ता लगाई सो अनुसार आवश्यक सुधारात्मक कदम चाल्नु नै निरन्तर मूल्याङ्कन हो । यस मूल्याङ्कन प्रणालीमा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी सिकाई स्तरमा तिक्ष्ण बुद्धि भएकालाई थप प्रोत्साहन गर्ने र मध्यम र न्यून भएकालाई थप मद्दत गरी सिक्न प्रेरित गरिन्छ । यसमा शैक्षिक उपलब्धिका अतिरिक्त बानी, व्यहोरा, विशेष घटना वा कार्यको अभिलेख, गृहकार्य, अतिरिक्त क्रियाकलाप, विद्यार्थी नियमितताको आधारमा लेखाजोखा गरी कक्षोन्नति गरिन्छ ।

मूल्याङ्कन एक वैज्ञानिक धारणा हो । शैक्षिक क्षेत्रमा मूल्याङ्कनलाई जाँच, परीक्षा, मापन आदिको नामबाट प्रयोग गर्दै आएको पाइन्छ । शिक्षण सिकाईलाई प्रभावकारी बनाउन मूल्याङ्कनका विभिन्न साधनहरुको प्रयोग गर्नुपर्दछ । मूल्याङ्कनका विभिन्न साधनमध्ये परीक्षा पनि एक हो । परीक्षाको मूल आधार भनेको प्रश्नपत्र हो (सम्प्रेषण, २०६४ : १२६ ) ।

प्रश्नपत्र निर्माण भनेको विभिन्न कक्षामा पठन पाठन गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धिको लेखाजोखा गर्न तयार गरिने प्रश्नहरुको पूर्ण रुप हो ( शर्मा एण्ड शर्मा, २०६३ : ८५ ) । विद्यार्थीहरु विभिन्न तहमा विभिन्न विषयमा पठनपाठनमा कार्यरत हुन्छन् र विद्यार्थीहरुको ज्ञान र सीपको प्राप्ति मूल्याङ्कन गर्नका लागि प्रश्नपत्रको निर्माण गर्नुपर्दछ । विद्यार्थीले प्रयोगात्मक रुपमा सिकेका कुराहरुलाई कसरी व्यवहारमा उतार्न सक्छन् ? सीपको विकास के कति मात्रामा भएको छ ? भनी क्रियात्मक रुपमा सीप पत्ता लगाउनका लागि प्रश्नपत्रको निर्माण गरी परीक्षा संञ्चालन गरीन्छ । शिक्षकले बनाउने प्रश्न असल, राम्रो र स्तरीय हुनुपर्दछ । जसले गर्दा विद्यार्थीको मूल्याङ्कन भरपर्दो र विश्वसनीय हुन जान्छ । परीक्षा स्तरीय र उपलब्धिमूलक बनाउन योजनाबद्ध ढंगबाट संञ्चालन गर्न आवश्यक हुन्छ । विद्यार्थीको तह, स्तर, विषय उद्देश्य, परीक्षाको प्रकार आदिका आधारमा विभिन्न प्रकारका प्रश्नहरु निमार्ण गरी परीक्षा संञ्चालन गरी सो अनुसारको शिक्षकले प्रश्नपत्र निर्माण गर्नुपर्दछ ( उही ) ।

प्रश्नपत्र शैक्षिक उद्देश्यसँग प्रत्यक्ष रुपले सरोकार राख्ने अर्थपूर्ण उत्तर आउने शैक्षणिक उद्देश्यसँग सम्बन्धित तथा उद्देश्य मापन गर्न सक्ने हुनुपर्छ । शैक्षणिक उद्देश्यसँग असम्बन्धित बहुअर्थी प्रश्नको कुनै औचित्य हुदैन । प्रश्नको निश्चितता र स्पष्टताले उत्तरको निश्चिततालाई प्रत्यक्ष रुपले असर पार्ने गरेकाले प्रश्ननिर्माण गर्दा एउटै उत्तर आउने खालका प्रश्न बनाउनुपर्दछ । यसको अर्थ प्रश्नले प्रश्नको उत्तर के हो, निश्चिततातिर औल्याउनुपर्दछ ( सिंह, २०६२ : २३४ ) ।

नेपालमा प्रश्नपत्रको निर्माण दुई किसिमबाट रहेको पाईन्छ । विद्यार्थीको शैक्षणिक कार्यको मूल्याङ्कन गर्न मौखिक वा लिखित दुवै प्रकारका प्रश्नहरु संञ्चालन गरीन्छ । मौखिक प्रश्नहरु निर्माणात्मक मूल्याङ्कनका लागि आवश्यक र महत्वपूर्ण भएतापनि कुनै पनि विषयको अध्ययन

शिक्षणको अन्तिम मूल्याङ्कन चाहि लिखित प्रश्नहरुबाट नै गर्ने चलन छ । यसबाट विद्यार्थीलको प्रस्तुतीकरण, व्याख्या गर्ने लगायत धेरै कुशलताको परीक्षण सम्भव हुनाले तुलनात्मक रुपमा बढी महत्व रहेको देखिन्छ । लिखित प्रश्नलाई पनि प्रकृतिको आधारमा वस्तुगत र विषयगत गरी दुइ भाँगमा बाँडिएको पाइन्छ वस्तुगत प्रश्नमा खाँली ठाँउ भर्ने, जोडा मिलाउने, बहुविकल्प, ठीकबेठीक छुट्याउने, पुन स्मरण र वर्गीकरण गरी ६ प्रकारका प्रश्नहरुद्धारा लिईन्छ । विषयगत प्रश्नमा निबन्धनात्मक प्रश्न, तुलनात्मक, वर्णनात्मक, सांराश, रायव्यक्त र स्वतन्त्र अभिव्यक्त गरी पाँच भागमा बाडिएको पाईन्छ । ( लुइटेल, २०६२ : ३१०) ।

हाम्रो वर्तमान शैक्षिक प्रक्रियामा मूल्याङकनको अभिन्न अङ्गका रुपमा परीक्षालाई लिने गरिएकाले परीक्षाका प्रश्नपत्र निर्माण गर्दा वैज्ञानिक आधार तय गरी र पाठ्यक्रमको उद्देश्य प्राप्त हुने गरी पाठ्यक्रमका सबै विषयवस्तुलाई समेटेर प्रश्नपत्र निर्माण गर्नुपर्दछ । वास्तवमा मापन र मूल्याङ्कनका क्षेत्रमा एउटा महत्वपूर्ण धारणाका रुपमा प्रश्नपत्रलाई लिइन्छ । शिक्षकले परीक्षा संञ्चालन गर्नु अगाडि कस्ता प्रश्नपत्रहरु बनाउने कुन एकाइ वा पाठबाट कुन प्रकारको प्रश्न सोध्ने, कुन उद्देश्यको मूल्याङ्कन गर्न कस्तो प्रश्नपत्र तयार गर्ने प्रश्नको अङ्कभार कति दिने, कुन प्रश्नलाई कति समय निधारर्ण गर्ने जस्ता कुराहरु विचार गरेर प्रश्नपत्रको निर्माण गरिनुपर्दछ । पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न तोकिएको विषयवस्तुलाई ढाक्ने र समेट्ने गरी परीक्षा लिन प्रश्नपत्रहरुको निर्माणमा व्यवस्थित गनुपर्दछ । वर्षभरिमा के-कस्ता परीक्षा लिनुपर्ने हो सो को योजना बनाई कुन प्रकारको परीक्षामा कस्ता प्रकारका प्रश्न सोध्ने हो सो अनुसारको शिक्षकले प्रश्नपत्र निर्माण गर्नुपर्दछ (पराजुली र साथीहरु, २०६५: १३३ ) ।

कुनै पनि विद्यालयमा कक्षा शिक्षण गर्ने शिक्षकले प्रश्नहरुको निर्माणमा एकदमै ध्यान पुऱ्याउन आवश्यक छ । यसका लागी परीक्षा वैद्य, विश्वसनीय, वस्तुनिष्ठ र व्यवहारिक हुनुपर्दछ । प्रश्न निर्माण गर्दा पाठ्यक्रमले तोके बमोजिमका विभिन्न उद्देश्य पूरा गर्न विभिन्न स्तरका र विभिन्न प्रंकारका प्रश्नहरुको आवश्यकता पर्दछ । योजनाका आधारमा बनाइएका प्रश्नहरुले पाठ्यक्रमका सम्पूर्ण पक्षमा विद्यार्थी उपलब्धिको मूल्याङ्कन गर्न सक्दछ । त्यसैले शिक्षकहरुलाई प्रश्नपत्रको निर्माण गर्न राम्रो योजनाको आवश्यकता पर्दछ । प्रश्नपत्र निर्माण गर्नका लागि परीक्षा किन लिने ? परीक्षाको उद्देश्य के हो ? परीक्षा लिदा कुन-कुन पाठ विषयलाई समेट्ने हो, कस्ता - कस्ता प्रश्नहरु कति सङ्ख्यामा निर्माण गर्ने हो, यी कुरालाई समेटी प्रश्न निर्माण गर्नुपर्दछ । विद्यार्थीको व्यवहारको लेखाजोखा गर्न सफलता र असफलता छुट्याउन, विद्यार्थीको कमीकमजोरी पत्ता लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्न विद्यार्थीहरुले प्राप्त गरेका सिकाई उपलब्धिको मापन गर्न तयार गरिएको साधन नै प्रश्नपत्र हो ( कैयूम,२०६२ : १५८) ।

प्रश्नपत्र निर्माण गर्दा एउटा दक्ष शिक्षकद्धारा निर्माण गरिनुपर्दछ । जसले गर्दा विद्यार्थीहरुको सही मूल्याङकन हुन सक्दछ । प्रश्नपत्र सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्ने प्रश्नहरुको नमुना हो । जसले सही उत्तर दिन्छ र जसलाई परीक्षार्थीले लिखित वा मौखिक रुपमा जवाफ दिन्छन् । प्रश्नपत्रले कुनै पनि कार्यक्रममा देखिएका जटिल समस्याहरु पत्ता लगाई समस्याहरु समयमै निराकरण गर्न र विद्यार्थीहरुमा रहेका कमीकमजोरीहरुलाई समाधान गरी अधुरो रहेको ज्ञानलाई पृष्ठपोषण प्रदान गरी पूर्ण बनाईदिन्छ । विद्यार्थीहरुमा रहेको सही धारणा वा ठिक छ भनी ठानेका गलत धारणाहरु पहिचान गरीदिन्छ । शिक्षकले परीक्षार्थीको ज्ञान,सीप, अभिवृद्धिमध्ये कुन-कुन पक्षको मूल्याङकन गर्न खोजेको हो, त्यो शिक्षकलाई थाहा हुनुपर्दछ । तब मात्र प्रश्नपत्र प्रभावकारी बनाउन सकिन्छ । कस्तो प्रश्न बनाउने ? कस्तो परीक्षार्थीको लागि प्रश्न बनाउने ? प्रश्नको उत्तर लेख्न कति समय लाग्ने भन्ने कुरामा योजना बनाएर विशिष्टीकरण तालिकाको माध्यमबाट प्रश्नपत्रको निर्माण हुनुपर्दछ । जबसम्म शिक्षकले विशिष्टीकरण तालिकाको प्रयोग गर्दैनन, तबसम्म प्रश्नपत्र प्रभावकारी हुन सक्दैन । त्यसैले शिक्षकले प्रश्नपत्रको निर्माण गर्दा विषय र विशिष्टीकरण तालिकाको जानकारी राख्नु जरुरी हुन्छ । प्रश्नपत्र शैक्षिक उद्देश्यसँग मेल खाने हुनुपर्दछ । उद्देश्यसँग मेल नखाने प्रश्नलाई स्तरीय मान्न सकिदैन । प्रत्येक प्रश्न पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य पुरा हुने गरी निर्माण गर्नुपर्दछ (विशिष्टीकरण तालिका, २०६५ : १) ।

सन् १९५६ मा बेन्जामिन ब्लुम (B.S Bloom) ले र उनका साथीहरुले शैक्षिक उद्देश्यलाई संज्ञानात्मक, भावनात्मक तथा मनोक्रियात्मक गरी तीन भागमा वर्गीकरण गरेका छन् । उनीहरुका अनुसार उद्देश्यहरु प्राप्त गर्न एउटै विषयक्षेत्रलाई समेट्ने ज्ञान, प्रवृत्ति र सीप उपयोगी नहुने हुनाले विविध प्रकारका परीक्षणहरु निर्माण गरी प्रयोग गरीन्छ । त्यसैले परीक्षणले कुन विषयक्षेत्रको मापन गर्ने हो, सोहि विषयक्षेत्रमा केन्द्रित रहेर प्रश्नपत्रको निर्माण र प्रयोग गर्नुपर्दछ (पराजुली र साथीहरु,२०६५:)

विद्यार्थीले गरेका वा देखाएका विविध उपलब्धिलाई सूचीकृत गरी मूल्याङ्कनको आधार तयार पार्ने कार्य नै कार्यसञ्चयिका हो । विगत १५ वर्षदेखि यस प्रक्रियालाई निरन्तर मूल्याङ्कन गर्ने उद्देश्यको लागि प्रयोग गरिदै आएको छ । विद्यार्थीको दैनिक क्रियाकलाप, कक्षाकोठाको विधि, शैक्षणिक उपलब्धिलाई सुचीकृत गरी मूल्याङ्कनको प्रयोजनका लागि यसको उपयोग हुदै आएको छ । यो विद्यार्थीको उपलब्धि अभिभावकसामू प्रस्तुत गरिने प्रगति वा मूल्याङ्कनको आधार हो । विद्यार्थीलाई कक्षा चढाउने वा नचढाउने भन्ने निर्णयको लागि समेत विद्यालय तथा शिक्षकलाई यसले आधार प्रदान गर्दछ । यो तल्लो तहका विद्यार्थीका लागि मात्र नभई माथिल्लो कक्षाका विद्यार्थीलाई समेत आफ्नो क्षमता र प्रयोगलाई परीक्षण गर्ने क्रममा प्रयोग हुने गर्दछ । कार्यसञ्चयिका विद्यालय तथा कलेज भर्ना, विद्यार्थी मूल्याङ्कन कार्य, शिक्षण मूल्याङ्कन जस्ता पक्षमा प्रयोग गरीन्छ । लिन र मिलर को धारणालाई उद्धधृत गर्दै ज.ब.रा र साथीहरु भन्दछन् विद्यार्थीको उपलब्धिलाई लामो समयसम्म फाइलिङ वा फोल्डरमा सङ्कलन गरी विश्लेषण गर्ने गरीन्छ । विद्यार्थीको कुन पक्षको मूल्याङ्कन गरिने हो त्यसको पहिचान

निश्चित गरी त्यस पक्षको विस्तृत रुपमा लेखा राख्ने काम कार्य सञ्चयिका हो भनी उल्लेख गरेका छन् ( ज.ब.रा र साथीहरु २०६७ :५४)

विद्यार्थीको वर्तमान अवस्थाको वास्तविक र व्यवहारिक ढंगले लेखाजोखा गरी भावी जीवनमा मार्गदर्शन गर्न सघाउ पुग्ने किसिमको प्रश्नपत्र निर्माण गर्नुपर्दछ । प्रश्नको भाषा सरल, स्पष्ट, शुद्ध, छोटो बुझ्िने किसिमको हुनुपर्दछ । सम्पूर्ण सिकाई उपलब्धिलाई समेट्ने खालको बनाउनुपर्छ । प्रंश्नपत्र विद्यार्थीलाई झुक्याउने, अलमल पार्ने नभइ स्पष्ट तरिकाले भन्न खोजेका कुराहरु एउटै हुनुपर्दछ । उत्तर पनि एउटै आउने हुनुपर्दछ । प्रश्नपत्र निर्माण गर्दा यसको आकारमा पनि त्यत्तिकै ध्यान दिनु जरुरी छ, किनभने कुनै प्रश्न अति लामा र कुनै  प्रश्न अति छोटा भए भने विद्यार्थीको वास्तविक क्षमताको लेखाजोखा गर्न गाह्रो हुन्छ । त्यसैले प्रश्न न त धेरै लामो न धेरै छोटो हुन राम्रो मानिन्छ ।  प्रश्न निर्माणकर्ताले विद्यार्थीको स्तर, विषयको प्रकृति, परीक्षाको उद्देश्य विद्यार्थीको उमेर रुची परीक्षाको समय आदिलाइ हेरेर प्रश्नको मात्रा र सङख्या निर्धारण गनुपर्दछ । तसर्थ यस किसिमका गतिविधिलाई प्रोत्साहित गर्न गराउन तर्फ एउटा कुशल प्रश्न निर्माणकर्ताको ध्यान आकृष्ट हुनु पनि आजको आवश्यकता हो ।

## १.२ समस्याको कथन

औपचारिक शिक्षाको सुरुवातसगै शैक्षणिक मूल्याङ्कनका क्षेत्रमा प्रयोग गरिदै आइएका मूल्याङकनका विभिन्न साधन मध्ये प्रश्नपत्र एउटा महत्वपूर्ण साधन हो । परीक्षा संञ्चालन गरी विद्यार्थीहरुको शैक्षिक उपलब्धि मापन गर्नका लागि उपयुक्त किसिमका प्रश्नपत्रको निर्माण गरीन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका शैक्षिक उद्देश्यहरुका साथै विद्यार्थीहरुको उमेर, तह, स्तर, बौद्धिक क्षमता आदि विभिन्न पक्षको सचेतता पूर्वक गहन अध्ययन गरी प्रश्न निर्माण गर्नुपर्ने हुँदा त्यो सजिलो कार्य होइन । आज धेरै क्षेत्रमा सोधिने गरेका प्रश्नको मात्रा,सङख्या, स्तर आदिको बारेमा धेरै टिकाटिप्पणी हुने गरेको पाइन्छ । प्रश्न नबुझेर उत्तर दिने विद्यार्थीको सङख्या पनि कम छैन । घुमाएर प्रश्न सोधेमा विद्यार्थीको सर्वाङगीण पक्षको मूल्याङ्कन हुन्छ भन्ने परम्परागत सोच राख्ने शिक्षक पनि धेरै रहेको पाइन्छ । प्रश्न निर्माण कर्ताको सानो गल्तिले धेरै विद्यार्थीको भविष्य विग्रीएको , असामाजिक क्रियाकलापहरु गर्ने गरेको पाईन्छ । तसर्थ यस किसिमका अमानवीय गतिविधिलाई निरुत्साहित गर्न गराउन तर्फ एउटा कुशल प्रश्न निर्माणकर्ताको ध्यान आकृष्ट गराउनु पनि यस अध्ययनको औचित्य रहेको छ ।

नेपालको निम्न माध्यमिक तहमा संचालन गरिएको मूल्याङ्कन प्रणाली, मूल्याङ्कन गर्नका लागि अपनाइएका साधनहरु सकारात्मक र सान्दर्भिक भएपनि यसलाई प्रभावकारी ढंगले व्याहारिक रुपमा कार्यान्वयन गर्न नसक्नु तथा मूल्याङ्कनका लागि सिफारिस गरिएका साधनहरुको प्रयोग नगरि मूल्याङ्कन गर्नु विद्यालय तहमा रहेको मूल्याङ्कन प्रणालीको कार्यान्वयनको प्रमुख समस्या हो भन्न

सकिन्छ (सम्प्रेषण,२०६४ : १२७ ) । प्रश्नपत्र निर्माण कार्यमा एकातिर स्तरीयताको कमी छ भने अर्कातिर प्राश्निक परीक्षा र संपरीक्षकलाइ समयसापेक्ष तालिमको अवसर नपाएकाले परीक्षाका गतिविधिमा एकरुपता र विश्वसनीयता आउन सकेको छैन । एकातिर परीक्षा संञ्चालनमा ठूलो धनराशि खर्च भएको छ भने परीक्षाको स्तर समस्याको रुपमा खडा भएको छ । (रा.शि.आ.प्रतिवेदन २०५८)

प्रश्ननिर्माण गर्दा पाठ्यपुस्तकमा मात्र सिमित हुने गरेको पाइन्छ । शिक्षकले जहाँसम्म पढाएको छ, त्यहाँसम्मको मात्र प्रश्न सोध्ने एकाइ परीक्षा, मासिक र त्रैमासिक परीक्षाको नियमितता हुने गरेको पाईन्छ । वर्तमानमा बढ्दो आवश्यकताको तुलनामा स्रोत र जनशक्तिको दृष्टिकोणबाट परीक्षा नियन्त्रण कार्यालय साह्रै कमजोर अवस्थामा छ । यसलाई एउटा दरिलो स्वायत्त संस्थाका रुपमा संञ्चालन र विकास गरिनुपर्दछ । यसले परीक्षण संञ्चालनमा सुधार गर्ने काम गर्नुपर्दछ र परीक्षा सुधार गर्ने प्रक्रियामा नमूना प्रश्नहरुको बैङ्क खडा गर्ने, अनुसन्धान गर्ने, स्तरयुक्त प्रश्नहरु बनाउने जस्ता विकासोन्मुख काम गराइनुपर्दछ, तर यस्तो कार्य नभएकोले यसलाई यस अध्ययनको समस्याको रुपमा लिइएको छ ।

निम्न माध्यमिक तहका शिक्षकहरुमा प्रश्नपत्र निर्माण गर्ने सैद्धान्तिक ज्ञान र कार्यान्वयन के कस्तो छ ? शिक्षकले प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग गरेको छन ? सम्पूर्ण विषयवस्तुलाई समेटेर प्रश्न निर्माण गरेका छन् वा छैनन् ? परीक्षाको लागि उत्तरकुञ्जिकाको प्रयोग गरेको छन् ? यी विषयहरुको बारेमा अध्ययन गर्नु बाञ्छनीय देखिन्छ । त्यसैले यस अध्ययनमा आधारभूत तहका शिक्षकहरुमा प्रश्ननिर्माण गर्ने सैद्धान्तिक ज्ञान, सीप र कार्यान्वयनको अवस्था अन्तरगत विभिन्न अनुसन्धानात्मक प्रश्नहरुको खोजी गर्ने प्रयास गरीएको छ ।

- शिक्षकहरुले सम्पूर्ण विषयक्षेत्रलाई समेटेर प्रश्नपत्र निर्माण गरेका छन् ?
- शिक्षकहरुमा प्रश्न निर्माण सम्बन्धि सैद्धान्तिक ज्ञान,सीप कस्तो रहेको छ ?
- प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग गर्ने गरेका छन् ?
- प्रश्न निर्माण गर्ने सम्बन्धि विषय शिक्षकको धारणा कस्तो रहेको छ ?

**१.३ अध्ययनको उद्देश्य**

यो शीर्षक अध्ययनको लागि निम्नअनुसारका राखिएका छन् :-

१. निम्न माध्यमिक तहका शिक्षकहरुमा विभिन्न प्रकारका प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान भए वा नभएको पत्ता लगाउनु ।

२. प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग भए वा नभएको पत्ता लगाउनु ।

३. प्रश्न निर्माण सम्बन्धि आर्जन गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा ल्याएको वा नल्याएको पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

विद्यार्थीको व्यवहार,कमीकमजोरी,जटिल समस्या, विद्यार्थीहरुमा देखिएका समस्याहरुलाई निराकरण गरी, उनीहरुमा ज्ञान, सीप, दक्षताको विकास गराई सफलताको शिखरमा पुऱ्याउन आवश्यक देखिएकाले प्रश्नपत्रको ठिक ढंगले निर्माण गर्नमा यस अनुसन्धानले थप विषयवस्तु प्रदान गर्ने अपेक्षा गरिएको छ ।

आधुनिक युगमा प्रश्नपत्रलाई पाठ्यपुस्तकमा आधारित नगराई विशिष्टीकरणको तालिका प्रयोग गरेर व्यवहारिक विशिष्ट उद्देश्यलाई समेटेर सम्पूर्ण विषयक्षेत्रलाई समेटेर प्रश्नपत्रमा तह, विषय, समय, पूर्णाङ्क, उत्तीर्णाक, निर्देशन, प्रश्नभार आदिको रुपमा निर्माण गरिन्छ । यसमा शिक्षकले प्रश्ननिर्माण गर्दा विभिन्न योजना बनाई विद्यार्थीलाई ज्ञान, सिप र अभिबृद्धि गर्नउनीहरुलाई विशिष्टीकरण तालिकाको माध्यमबाट प्रश्न निर्माण गर्नुपर्दछ । प्रश्नपत्र निर्माण गर्ने शिक्षक दक्ष, योग्य र शिक्षामा पनि निपूण हुनुपर्दछ । सम्पूर्ण विषयवस्तुलाई समेटेर ज्ञान, सिप, अभिवृद्धि मध्ये कुन कुन पक्षको मूल्याङ्कन गर्न खोजिएको हो, त्यस अनुसार प्रश्न निर्माण गनुपर्दछ प्रश्न कस्तो खालको बनाउने ? कसरी प्रश्न बनाउने ? कस्तो परीक्षार्थीको लागि बनाउने ? प्रश्नको उत्तर के हुने ? प्रश्नको उत्तर लेख्न कति समय लाग्ने जस्ता कुरामा ज्ञान, सिप हासिल गरेको हुनुपर्द्छ । प्रश्ननिर्माण गर्दा विद्यार्थीको व्यवहारिक पक्षलाई पनि समेट्ने गरी निर्माण गर्नुपर्दछ । विद्यार्थीको प्रश्नपत्रद्धारा लेखाजोखा गरी उनीहरुलाई उचित मार्गनिर्देशनमा डोऱ्याउन र जटिल समस्यालाई समाधान गर्ने क्षमता पनि एउटा दक्ष शिक्षकमा हुन आवश्यक छ ।

यदि विद्यार्थीहरुले प्रश्न नबुझ्केको खण्डमा बुझाउन सक्ने शिक्षकको पनि आवश्यक पर्दछ । प्रश्नपत्र बनाउन एउटा दक्ष शिक्षकको क्रियाकलापको प्रभाव कार्यान्वयनमा भर पर्दछ । कार्यक्रमको प्रभावकारिता अध्ययन गर्न त्यतिबेला आवश्यक हुन्छ, जतिबेला कार्यक्रममा फितलोपन देखिन्छ । त्यसैले कार्यक्रम प्रभावकारी रुपमा भए नभएको अवस्था पहिचान गरी समस्या समाधानको लागि सम्भावित सुझावहरु प्रदान गर्न यो अध्ययन शुरु गरिएको छ ।

- यस अध्ययनमा शिक्षकले विद्यार्थीको स्तर, उमेर, रुचि, विषयको प्रकृति, परीक्षाको समय आदिलाई हेरेर प्रश्नको निर्माण बारे जानकारी लिन सकिन्छ ।
- आज शिक्षा क्षेत्रमा प्रश्न निर्माण गर्ने शिक्षकहरुमा प्रश्न निर्माण गर्ने तौरतरिका नजानेका र विशिष्टीकरण तालिकाको माध्यमबाट प्रश्न निर्माणको प्रयोग नगरिएको भन्ने गुनासोहरु व्यापक रहेको अवस्था छ । यस अध्ययनले त्यस्ता समस्या पहिचान गर्न र समाधान गर्न सहयोग पुग्दछ ।
- यस अध्ययनबाट प्राप्त सूचनाको आधारमा अभिभावक, शिक्षक, विद्यार्थी, जि.शि.का, शैक्षिक सघंसंगठन योजना निति निर्माण र कार्यान्वयनमा सहयोग पुग्नेछ ।

## १.५ अध्ययनको परीसिमा

विभिन्न समस्याको बाबजुत तथा समय, स्रोत र आर्थिक तथा भौगोलिक कारणले यस अध्ययनको लागि निम्न लिखित सिमाङ्कनहरु तोकिएको छ :-

१. यो अध्ययन सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका वडा नं ५ र ६ को विद्यालयमा मात्र सिमित रहेको छ ।

२. निम्न माध्यमिक तहका शिक्षकहरुको प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान, सीप र कार्यान्वयनमा सिमित रहेको छ ।

३. यो अध्ययन स्वास्थ्य तथा जनसंङ्ख्या विषय अध्यापन गर्ने शिक्षकमा सिमित रहेको छ ।

५. निम्न माध्यमिक तहको प्रश्न निर्माणमा यस अध्ययनले विशिष्टीकरण तालिकाको प्रयोग यस सम्बन्धि समस्या र समाधानका उपायहरु विश्लेषण गर्ने प्रयास गरिएको छ ।

६. यस अध्ययनका लागि संकलन गरिएको तथ्याङ्कहरु शत प्रतिशत शुद्ध मानिने छ ।

७. यस अध्ययनको क्रममा विभिन्न तथ्याङ्कहरु नमुना छनौटका परेको विद्यालयका शिक्षक /शिक्षिका, प्रधानाध्यापकहरुलाई उत्तरदाताको रुपमा लिई आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ ।

## १.७ शब्दावलिको परिभाषा

विभिन्न शब्दको अर्थ विभिन्न क्षेत्रमा फरक फरक लागेपनि यस अध्ययनका क्रममा प्रयोग भएका शब्दहरुको अर्थ निम्न अनुसार रहेको छ :-

| | | |
|---|---|---|
| नि.मा.वि तह | : | यस अध्ययनमा नि.मा.वि तह भन्नाले नेपाल सरकारले तोके अनुसार कक्षा ६ देखि ८ सम्मको तहलाई बुझाँउछ । |
| प्रश्नपत्र | : | परीक्षामा सोधिने कुनै विषयसँग सम्बन्धित प्रश्नहरुको सँगालोलाई जनाउँदछ । |
| सैद्धान्तिक ज्ञान | : | सिद्धान्तसँग सम्बन्धित भएर कुनै कुरा वा विषयवस्तुलाई मस्तिष्कले ग्रहण गर्ने काम हो । |
| कार्यान्वयन | : | सिद्धान्तलाई व्यवहारमा उतार्न वा प्रयोगमा ल्याउने कामलाई बुझाँउछ । |
| अवस्था | : | कुनै पनि कार्य,घटना आदिको वर्तमान स्थिती हो । |

# परिच्छेद -दुई

## पुर्व साहित्यको अध्ययन

कुनैपनि विषय वस्तुको वा शीर्षकको अध्ययन गर्नु त्यस शीर्षकसँग सम्बन्धित पुर्व साहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ । पुर्वसाहित्य भनेको अध्ययनको शीर्षकसँग मिल्दाजुल्दा पहिले नै भैसकेका अध्ययन, अनुसन्धान, तथ्याङ्कहरु, प्रतिवेदनहरु, पुस्तकहरु, पत्रपत्रिकाहरु आदिलाई बुझिन्छ । यस्ता पुर्व साहित्यको अध्ययनबाट अध्ययनकर्तालाई आफूले अध्ययन गर्न चाहेको शीर्षकको बारेमा पर्याप्त ज्ञान हासिल गर्न सक्दछ । यस अध्ययन गर्न सम्बन्धित केही पुर्व साहित्यको अध्ययन निम्न अनुसार गरिएको छ ।

### २.१ सैद्धान्तिक अवधारणा

यस अध्ययनमा निम्न माध्यमिक तहका शिक्षकहरुमा प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान कस्तो छ ? विषयवस्तुलाई समेटेर प्रश्न निर्माण गरे वा नगरेको , विशिष्टीकरण तालिकाको माध्यमबाट प्रश्न निर्माण गरेका छन वा छैनन् ? प्रश्नमा देखिएका समस्यालाई समाधान गर्नका लागि के कस्ता सुधारका उपायहरु अपनाउन सकिन्छ ? भन्ने कुराको अध्ययन गर्न खोजिएको छ ।

सर्वप्रथम परीक्षणको सुरुवात चीनबाट भएको हो । DUBois(1970,1972) का अनुसार- परीक्षणको इतिहासलाई केलाउदा ४,००० वर्षभन्दा अघि चीनका सम्राटले लोकसेवा परीक्षालाई प्रयोगमा ल्याएको पाईन्छ । चिनियाँ अधिकारीहरुले लोकसेवाको परीक्षा संञ्चालन गर्दा परीक्षणको प्रयोग गरेका थिए (cited in kaplan and saccuzzo,2007:12) । ग्रिक र रोमका प्रख्यात् शिक्षकहरु (सोक्रेटस, सिसेरो,प्लेटो आदि) ले आफ्ना कार्यमा परीक्षणको प्रयोग गरेका थिए । नगरीय विद्यालय प्रणालीमा विद्यार्थीको हिज्जे दक्षता (spelling proficiency) मापन गर्न सन् 1897-1998 df Joseph Mayer Rice ले अमेरिकामा औपचारिक रुपमा परीक्षणको प्रयोग गरे जुन प्रयोग तीस हजार विद्यार्थीमाथि गरिएको थियो । अमेरिकन मूल्याङ्कनविद् Henry Barnard Horance र पछि William Torrey Harris ले शैक्षिक निर्णय गर्ने कार्यमा सघाउ पुऱ्याउन विविध तथ्याङ्कहरुको सङ्कलन गरे जुन संयुक्त राज्य अमेरिकामा शैक्षिक मूल्याङ्कनको बीजारोपण थियो ( पराजुली र साथीहरु २०६४ : ) ।

त्यसैले यस अध्ययन गर्नको लागि Edward lee thorndike का अनुसन्धानबाट चर्चामा आएका सिद्धान्त change या human being उपयुक्त हुने देखिन्छ । यिनले मानवको मापन गर्ने काम महत्वपूर्ण हुने कुरामा शिक्षाविदहरुलाई विश्वास दिलाउने सहयोग पुऱ्याए । विसौं शताब्दीको पहिलो दशकमा संयुक्त राज्यमा मानवयोग्यताको निर्धारण गर्नमा मापन प्रविधिको  उच्चतम विकास गरियो ।

यसै समयमा विद्यालयको मूल्याङ्कन गर्ने प्रमुख साधनको रुपमा परीक्षणको उदय भयो । प्रथम विश्वयुद्धतिर शिक्षाप्रणालीको कमजोरीहरु निदान गर्ने, पाठ्यक्रमलाई स्तरीकृत गर्ने, शिक्षा प्रणालीको सम्पूर्ण दक्षता लेखाजोखा गर्ने, साथै व्यक्तिका बारेमा निर्णय गर्ने प्रयोजनले विद्यार्थीहरुको उपलब्धिको सर्वेक्षण गरिएको थियो । जसले परीक्षणको विकासमा नयाँ आयाम ल्यायो ( उही ) ।

## २.२ सम्बन्धित साहित्यको समीक्षा

शोध कार्य गर्न सम्बन्धित साहित्यको सिंहावलोकन गर्नु, समीक्षा गर्नु र त्यसलाई आधार बिन्दु मानि अनुसन्धान कार्यलाई अगाडि बढाउनु उपयुक्त हुने भएकाले यस शोध कार्यसँग सम्बन्धित निम्न अनुसारका अध्ययनहरुको सिंहावलोकन गरिएको छ ।

नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु अनुसार वि.स २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि शिक्षालाई समयानुकुल बनाउन विभिन्न समयमा गठन गरिएका योजना र अन्य संघसंस्थाबाट परीक्षा प्रणालीमा सुधार गराउनका लागि अवलम्बन गरिएका विभिन्न निति तथा कार्यक्रम एंव प्रयासको विश्लेषण र व्याख्या गरेको थियो ।

रा.शि.प.यो वि.स २०११ का अनुसार इच्छानुसार स्वतन्त्र पढाई गरी परीक्षा दिने व्यवस्था थियो । वि. स २०५५ सालदेखि गर्भनमेन्ट संस्कृत कलेज, बनारसमा व्याकरण मध्यमा आदि परीक्षा दिई उर्त्तीण भए । यहि क्रममा बढी वर्ष व्याकरण मध्यमा परीक्षा दिन जाने भए । पछि ज्योतिष र वेदमा पनि कोही परीक्षा दिन गए । शास्त्री आचार्य पढ्ने छात्रको निमित्त काशीमा पढ्ने नेपाली छात्र १० जनालाई छात्रवृत्ति दिने प्रबन्ध पनि बढ्दै गएर २०/२५ जनाले छात्रवृत्ति पाउने भए । यहाँ रानीपोखरी पाठशालामा मध्यमासम्म मात्र पढाउने व्यवस्था थियो, तापनि ८० सालदेखि प्रधानपण्डित सोमनाथले आफूखुशी विभिन्न विषयमा शास्त्री आचार्यसमेत पढाई २/४ जना उर्त्तीण गराउन लाग्दा अरु अध्यापकले पनि कसैले शास्त्रीहरु पढाई परीक्षा दिलाउने गर्दा सालसालै १०/८ जना शास्त्री आचार्य खण्ड परीक्षा दिने हुन लागेकाले पाठशालाको उन्नति गर्दै गयो । पछि जुद्धशमशेरबाट ८९ सालमा यस पाठशालाका अध्यापकहरुले वेतन बृद्धि र ९० सालमा अध्यापकहरु पनि डबल गराएको हुँदा वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य यी ५ विषयमा परीक्षा दिलाउने व्यवस्था भएको थियो ।

प्रश्नपत्र मौखिक र कार्यमय हुनुपर्छ । प्रत्येक महिनाको छात्रछात्राहरुको खेलकुद चरित्र निर्धारित विषयवस्तुको ज्ञान इत्यादिको लेखाजोखाको आधारमा माथिल्लो कक्षामा उर्त्तीण गराउने वा नगराउने गर्नुपर्दछ ( रा.शि.प.यो २०१८ ) ।

प्राथमिक, निम्नमाध्यमिक र माध्यमिकमा सिकाइने प्रत्येक पाठको अन्तमा विद्यार्थीहरुले बुझेका छन् वा छैनन् मूल्याङ्कन गर्ने कुराहरु पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्देशक पुस्तिकामा दिइनेछन् ।

प्रत्येक ३/३ महिनामा विद्यार्थीको प्रगतिको मूल्याङ्कन गर्न परीक्षा गरिनेछ । प्रत्येक विद्यार्थीको पढाई तथा अरु कुरामा प्रगति भएको कुरा शिक्षकहरुबाट विवरण कार्ड राख्ने व्यवस्था गरिनेछ र विद्यार्थीको परीक्षाको नतिजा दिदा विद्यार्थीको प्रगति विवरण पनि दिने व्यवस्था गरिनेछ ( रा.शि.प.या. २०२८ - २०३२ ) । विद्यार्थीहरुमा जुन कुराको मूल्याङ्कन गर्ने हो, त्यसका लागि उपयुक्त प्रकारले मूल्याङ्कन गर्ने प्रश्नहरु पनि निर्माण गर्नमा जोड दिइनेछ । मिल्ने विषयहरुमा सकेसम्म वैज्ञानिक बनाउने प्रयास गरिनेछ । प्राथमिक शिक्षाको अन्तमा जिल्ला शिक्षा निरीक्षक कार्यालयको टोलीले गरेको जाँचको आधारमा विद्यार्थीहरुलाई कक्षा चढाउने गरीनेछ ( उही ) ।

आधारभूत कक्षाका बालबालिकाहरुको मूल्याङ्कन गर्ने नियमित परिपाटी बसाल्नुपर्दछ । यसो गर्दा गृहकार्य मौखिक कार्यहरुका अतिरिक्त क्रियाकलापमा संलग्नताका साथै पाठको अन्तमा कक्षा परीक्षा लिई त्यसबारे अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ । कक्षा ३ को अन्तमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले र स्थानीय स्रोत, केन्द्रको प्रधानाध्यापकले खटाएका एकजना शिक्षक समेतको समितिले विद्यार्थीको लिखित परीक्षा वा मौखिक अर्न्तवार्ताद्धारा मूल्याङ्कन गरी विद्यार्थीको स्तर निर्धारण गरेर परीक्षाको आधारसहित परीक्षाफल जिल्ला शिक्षा कार्यालयमा पठाउने व्यवस्था उपयुक्त हुनेछ । कक्षा ४ र ५ मा प्रयोगात्मक तथा लिखित परीक्षाहरुका आधारमा मूल्याङ्कन उपयुक्त हुन्छ र कक्षा ५ को अन्तिम परीक्षा जिल्लास्तरमा जि. शि.अ द्धारा संञ्चालन गर्नुपर्ने व्यवस्था हुनपर्दछ ( राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ) ।

प्राथमिक तहमा हाल विद्यमान गम्भीर शैक्षिका क्षतिको सिर्जना परीक्षा प्रणालीबाट भएको हो । विद्यार्थीले विद्यालय छोड्ने र कक्षा दाहोऱ्याउने मूल कारण वर्षको अन्तमा लिइने औपचारिक परीक्षा र त्यसमा विद्यार्थीको असफलता बनेको छ । प्राथमिक तहका प्रारम्भिक कक्षाहरुमा गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलाप संलग्नता र कक्षा परीक्षालाई आधार मानी नियमित रुपले प्राथमिक कक्षाका बालबालिकाहरुको अनवरत मूल्याङ्कन नगरी वर्षको एकपटक लिइने औपचारिक परीक्षाको नतिजालाई आधार बनाएर कक्षा चढाउने वा दोहोऱ्याउन लगाउने गरीन्छ । प्रारम्भिक कक्षाहरुको मुख्य उद्देश्य बालबालिकाहरुको विद्यालयमा आउने बानी बसाल्ने, उनीहरुलाई उत्प्रेरित गर्ने र उपल्ला कक्षाको निमित्त तयार गर्ने हुनुपर्नेमा त्यसो नभइ बढी विषयवस्तु प्रधान वा प्राज्ञिक खालको हुन पुगी असफलताको कारण बनेको हो । परीक्षा प्रणालीलाई विश्वसनीय र गुणस्तरमुखी बनाउन परीक्षा नियन्त्रण कार्यालयको सुदृढीकरण, परीक्षामा विकेन्द्रीकरण, वैकल्पीक माध्यमहरुको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरेको छ ( उ.रा.शि.आ. प्र -२०५५) । केही वर्षयता नेपालका विद्यालयमा मूल्याङ्कन र परीक्षालाई पर्यायवाची शब्दका रुपमा प्रयोग गर्ने गरेको पाईन्छ । परीक्षालाई मूल्याङ्कनका विभिन्न साधनहरु मध्येको एउटा साधन मात्र हो । तर मूल्याङ्कनको प्रयोग शैक्षिक प्रणालीमा कमै भएको पाईन्छ । हाम्रा प्रचलित शिक्षण प्रक्रिया परीक्षामुखी छ । विद्यालयहरुतर्फ त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाद्धारा विद्यार्थीको मूल्याङ्कन गर्ने परिपाटी रहेको छ ( उही ) ।

आधारभूत शिक्षामा एउटै विद्यार्थी एउटा कक्षामा १ वर्षभन्दा बढी रहिरहने व्यवस्थाको अन्त्यका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिनेछ । विद्यालयका प्रत्येक कक्षामा बालबालिकाहरुको न्यूनतम सिकाई तहको सुनिश्चितताका लागि विद्यालय तहमा सुधारात्मक सबल सहायता प्रणाली लागू हुनेछ । मूल्याङ्कनमा साङ्केतिक अक्षर प्रणाली क्रमश : कार्यान्वयनमा ल्याइनेछ । अपेक्षा गरिएभन्दा तलको उपलब्धिस्तर भएका विद्यार्थीका लागि उपचारात्मक कार्यक्रम उपलब्ध गराइनेछ । पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय परीक्षा बोर्डको सल्लाहमा निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी शिक्षक अभिमुखीकरण कार्यक्रम सहितको निर्देशिका उपलब्ध गराइनेछ (विद्यालय क्षेत्र सुधार योजना ) । विद्यार्थी मूल्याङ्कनका आधारमा प्रत्येक कक्षा र तहका लागि पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको सक्षमताका मापदण्ड पूरा भएको हुनुपर्दछ । राष्ट्रिय पाठ्यक्रम प्रारुपमा निर्धारण गरिएका न्यूनतम मापदण्ड नपुगेको आधारमा १-७ सम्मका विद्यार्थीहरुलाई एउटै कक्षामा दाहोऱ्याई राखिने छैन । यस्ता कम क्षमता भएका विद्यार्थीले थप उपचारात्मक सिकाइ सहयोग प्राप्त गरी न्यूनतम स्तर प्राप्त गर्ने व्यवस्था गरिनेछ । राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरेका साधारण प्राविधिक व्यावसायिक र वैकल्पिक शिक्षाका मुख्य र ऐच्छिक विषय र यसका विषयवस्तुहरु शैक्षणिक प्रक्रिया र विद्यार्थीको अन्तिम मूल्याङ्कनका लागि आधारका रुपमा प्रयोग गरिनेछन् (उही ) ।

कक्षा ८ को अन्त्यमा लिइने परीक्षा आधारभूत तहको शिक्षाको अन्त्यमा लिइने परीक्षा हुनेछ । कक्षा ३, ५ र ८ मा भर्ना भएका विद्यार्थीहरुका लागि विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्याङ्कन आवधिक रुपमा संञ्चालन गरिनेछ । यस्ता मूल्याङ्कनहरुले  शिक्षाको गुणस्तरका लागि आधार र मापदण्ड निर्धारण गर्न सहयोग गर्नेछ । व्यक्तिगत रुपमा स्वाध्ययन गर्नेले कक्षा ८ को परीक्षामा सामेल हुन जिल्लास्तरमा संञ्चालन गरिने योग्यता परीक्षामा पास हनुपर्नेछ । कक्षा ८ मा पास गरेकाहरुले दुई वर्ष स्वाध्ययन गरेपछ मात्र कक्षा १० को परीक्षामा सामेल हुन योग्य हुनेछन् (विद्यालय क्षेत्र सुधार योजना, २०६६ ) ।

नवौ पञ्चवर्षीय योजना (२०५४-२०५९ ) अनुसारः- प्राथमिक तथा आधारभूत शिक्षा कार्यक्रमको गुरुयोजना १९९७ मा निरन्तर मूल्याङ्कन प्रणालीलाई केही जिल्लामा परीक्षाका रुपमा लागू गर्ने कार्यक्रम राखेअनुसार इलाम, चितवन, सुर्खेत र कञ्चनपुर जिल्लामा परीक्षण कार्यक्रम सम्पन्न भएको थियो । आधारभूत शिक्षाको दोश्रो चरणको कार्यक्रम कार्यान्वयन योजनाको मूल दस्तावेजमा पनि निरन्तर मूल्याङ्कन कार्यक्रमलाई जोड दिइएको छ ।

दशौ पञ्चवर्षीय योजना ( २०५९-२०६४ ) अनुसार :- कार्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई परीक्षण र अनुगमनका आधारमा कक्षा ५ सम्म लागू गर्ने कार्यक्रम राखेको छ । सबैका लागि शिक्षा कार्यक्रमले शिक्षाको गुणस्तर बढाउनका लागि वार्षिक कक्षा परीक्षाको सट्टा सुधारात्मक मूल्याङ्कन प्रणाली अर्थात् निरन्तर मूल्याङ्कन व्यवस्थाबाट विद्यालय परीक्षा प्रणालीमा सुधार गर्ने रणनिति लिइएको

छ । पाठ्यक्रम विकास केन्द्रले प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लाई परिमार्जन गरी नेपालका १० जिल्लाका ५० वटा विद्यालयमा परीक्षणका रुपमा लागू गरी प्राप्त पृष्ठपोषण समेतका आधारमा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ लाई शैक्षिक सत्र २०६३ देखी कक्षा १ मा देशभर लागू गरेको छ । यस परिमार्जित पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई कक्षा १-३ सम्म लागू गर्न शुरु गरेको छ ।

**विभिन्न समयमा गठन गरिएका आयोगका विभिन्न प्रतिवेदनहरुले**
**परीक्षा र मूल्याङ्कनमा जोड दिएको वा नदिएको पक्षहरु**

| | जोड दिएको पक्ष | जोड नदिएको पक्ष |
|---|---|---|
| २०११ | - विद्यार्थी मूल्याङ्कन विस्तृत र व्यापक हुनुपर्दछ ।<br>- पास प्रणाली लागू हुनुपर्दछ । | - अन्तिम परीक्षालाइ जोड नदिएको ।<br>- मौखिक परीक्षा र प्रयोगात्मक परीक्षालाई जोड नदिएको । |
| २०१८ | - परीक्षा विधि प्राथमिक तहमा मौखिक र कार्यमय हुनुपर्दछ । | - अन्तिम परीक्षालाइ जोड नदिएको । |
| २०२८ | - प्रत्येक तहको अन्तमा अन्तिम परीक्षा हुनेछ ।<br>- प्रत्येक ३/३ महिनामा विद्यार्थीको प्रगतिको मूल्याङ्कन गर्न परीक्षा संञ्चालन गर्ने कुरामा जोड दिएको । | - मौखिक परीक्षालाई जोड नदिएको ।<br>-निरन्तर मूल्याङ्कन प्रणालीलाई जोड नदिएको । |
| २०४० | विषयगत प्रश्नपत्र निर्माण परीक्षाको विधि र प्रक्रियालाइ प्रभावकारी तुल्याउन जोड दिएको । | - पास प्रणालीलाई जोड नदिएको । |
| २०४९ | - कक्षा ४ र ५ मा प्रयोगात्मक र लिखित परीक्षाका आधारमा मूल्याङ्कन गरिनेछ ।<br>- कक्षा ६ को अन्तिम परीक्षा जिल्लास्तरमा जि.शि.अ द्वारा संञ्चालन गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । | - पाठ्यक्रमको उद्देश्य र त्यसमा निहित भावना र परीक्षाबीच आवश्यक तालमेल भएको छैन ।<br>- परीक्षा प्रणाली प्रभावकारी नभएको । |
| २०५५ | - वार्षिक परीक्षालाई मात्र जोड दिएको । | - गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलाप र कक्षा परीक्षालाई जोड नदिएको । |
| २०५८ | - निरन्तर मूल्याङ्कन प्रणालीलाई जोड दिएको ।<br>- कक्षा ८ को परीक्षा जिल्लास्तरीय नै रहने कुरामा जोड दिएको । | - कक्षा ५ को जिल्ला स्तरीय परीक्षालाई जोड नदिएको । |

स्रोत : शैक्षिक आयोगका प्रतिवेदनहरु

माथि उल्लेख गरिएको पूर्व साहित्यको समीक्षा सम्बन्धि तालिकाले नेपालको परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार ल्याउन विभिन्न समयमा गठन गरिएका विभिन्न प्रतिवेदनहरुले थुप्रै प्रयास


गरेतापनि, परीक्षा विधिमा निम्न पक्षमा जोड दिएको छ, भने निम्न पक्षमा जोड नदिएको निष्कर्ष निकाल्न सकिन्छ ।

नेपालमा शिक्षा वि.स २०११ ले मूल्याङ्कन प्रणाली विस्तृत र व्यापक हुनुपर्दछ र पास प्रणाली लागू हुनुपर्दछ भन्ने कुरामा जोड दिएको, अन्तिम परीक्षालाई जोड नदिएको देखिन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितीको रिपोर्ट वि.स २०१८ अनुसार परीक्षा विधि प्राथमिक तहमा मौखिक र कार्यमय हुनुपर्दछ भनी जोड दिएको र अन्तिम परीक्षालाई जोड नदिएको पाईन्छ । त्यसैगरी राष्ट्रिय शिक्षा पद्धतिको योजना वि.स २०२८ ले अन्तिम परीक्षालाई र प्रत्येक ३/३ महिनामा विद्यार्थीको प्रगतिको मूल्याङ्कन गर्न परीक्षा संञ्चालन गर्ने विषयमा जोड दिएको र मौखिक परीक्षा र निरन्तर मूल्याङ्कन प्रणालीलाई जोड नदिएको देखिन्छ । शाही उच्च शिक्षा आयोगको प्रतिवेदन वि.स २०४० ले विषयगत प्रश्नपत्र निर्माण, परीक्षाको विधि र प्रक्रियालाइ प्रभावकारी तुल्याउन जोड दिएको र पास प्रणालीलाई जोड नदिएको देखिन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन वि.स २०४९ ले कक्षा ४ र ५ मा प्रयोगात्मक र लिखित परीक्षाका आधारमा मूल्याङ्कन गर्ने र कक्षा ५ को अन्तिम परीक्षा जिल्लास्तरमा जि.शि.अ द्धारा संञ्चालन गर्नुपर्ने व्यवस्था हुनुपर्दछ,भन्ने विषयमा जोड दिएको, पाठ्यक्रमको उद्देश्य र त्यसमा निहित भावना र परीक्षाबीच आवश्यक तालमेल नभएको, परीक्षा प्रणाली प्रभावकारी नभएको देखिन्छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन वि.स २०५५ ले वार्षिक परीक्षालाई मात्र जोड दिएको र गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलाप र कक्षा परीक्षालाई जोड नदिएको पाईन्छ । शिक्षा सम्बन्धी उच्च स्तरीय कार्यसमितीको प्रतिवेदन वि.स २०५८ अनुसार निरन्तर मूल्याङ्कन प्रणालीलाई जोड दिएको,कक्षा ८ को परीक्षा जिल्लास्तरीय नै रहने कुरामा जोड दिएको र कक्षा ५ को जिल्लास्तरीय परीक्षालाई जोड नदिएको पाईन्छ ।

यी प्रतिवेदनहरुले परीक्षा र मूल्याङ्कन प्रणालीमा सम्पूर्ण विषयक्षेत्रलाई समेटेर प्रश्नपत्रको निर्माण नगरेको, प्रश्नपत्र निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग र परीक्षाको लागि उत्तरकुञ्जिका बनाउने प्रयासमा जोड नदिएको हुँदा मेरो यस अध्ययनमा यीनै पक्षहरुलाई समेटी अनुसन्धान कार्यलाई अगाडि बढाईनेछ ।

## २.३ अवधारणात्मक ढाँचा

अवधाराणात्मक ढाँचा त्यस्तो ढाँचा हो । जसमा अनुसन्धानको समस्याहरुमा सम्बन्धित सान्दर्भिक साहित्यको व्याख्या गरिन्छ । यस ढाँचामा अध्ययनका प्रमुख तत्वहरुलाई सांराशमा देखाइन्छ । यो अध्ययनको एउटा रुपरेखा पनि हो । जसमा मूख्य तत्वहरुलाई देखाउनुका साथै तिनीहरुका परिकल्पनासँग सम्बन्धित तत्वहरुलाई समेत देखाइन्छ । तसर्थ कुनै पनि अध्ययन कार्यमा कति कुरा समेट्ने र कति कुराहरु नसमेट्ने भनि छुट्याउन वा अनुसन्धान कार्य सम्पन्न गर्न सजिलो हुन्छ । उक्त अनुसन्धान कार्यलाई बुझ्न सजिलो होस् भनि तल मोटामोटी चित्रात्मक रुपमा प्रस्तुत गरिएको छ, जुन निम्न छन् ( Google, : २०६७ ) ।


प्रश्न निर्माण गर्ने ज्ञान
विषयगत प्रश्न
निवन्धात्मक प्रश्न
छोटो उत्तर आउने प्रश्न
वस्तुगत प्रश्न
प्रयोगात्मक प्रश्न
मौखिक प्रश्न
ज्ञानको पक्ष
कार्यान्वयनको अवस्था
निम्न माध्यमिक तहका शिक्षकमा प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान र कार्यान्वयनको अवस्था
सुधार गर्नुपर्ने पक्ष
प्रश्न निर्माण सम्बन्धि तालिमको आवश्यकता
प्रश्न बैंङ्कको आवश्यकता
प्रश्न विश्लेषण गर्ने तरिका
विशिष्टीकरण तालिकाको प्रयोग

# परिच्छेद - तीन

# अध्ययन विधि

यस परिच्छेदमा अनुसन्धान विधिको बारेमा चर्चा गरिन्छ । अनुसन्धान पद्दति अनुसन्धान कार्यलाइ अगाडि बढाउने विधि पनि हो वा अनुसन्धान कार्यलाइ मार्गदर्शन गर्दछ । जुन तरिकाबाट अनुसन्धान कार्यलाइ सम्पन्न गरिन्छ वा तथ्याङ्क संकलन, व्याख्या विश्लेषण गरि निष्कर्षमा पुगिन्छ, त्यसलाई नै अध्ययन विधिमा उल्लेख गरिन्छ :-

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान कार्यको पूर्व ढाँचा हो । अनुसन्धान कार्यलाइ निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुन्धान ढाँचाको आवश्यकता पर्दछ । यस शोध कार्यमा प्राप्त विभिन्न दस्तावेज, प्रश्नावली, अन्तवार्ता गरि तथ्याङ्कहरु संकलन गर्नका लागि परिमाणात्मक र शिक्षकका विचार भनाई अनुभवहरुको आधारमा सूचना संकलन गरी वास्तविकता पत्ता लगाउन गुणात्मक  पद्दतिबाट अध्ययन अनुसन्धान गरियो । तर्सथ खुल्ला अन्तवार्ता, प्रत्यक्ष अवलोकन र अभिलेखबाट आवश्यक सूचना वा तथ्याङ्क संकलन गरियो । अनुसन्धानमा छनौटमा परेका शिक्षक र विद्यालयको स्थलगत अध्ययनबाट प्राप्त भएको सूचनालाई निम्न लिखित स्रोत र साधन प्रयोग गरी पूर्ण रुपमा व्याख्या र विश्लेषण गरीयो  । मूलत यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ ।

### **Tools matrix** (शैक्षिक सामग्री)

| क्र.स. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १. | निम्न माध्यमिक तहका शिक्षकहरुमा विभिन्न प्रकारका प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान भए वा नभएको पत्ता लगाउनु । | शिक्षिक/शिक्षिकाहरु<br>प्र.अ | अन्तरवार्ता<br>अन्तरवार्ता/छलफल<br>दस्तावेज अध्ययन |
| २ | प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग भए वा नभएको  पत्ता लगाउनु । | शिक्षिक/शिक्षिकाहरु<br>प्र.अ | अन्तरवार्ता<br>अन्तरवार्ता/छलफल |
| ३ | ३. प्रश्न निर्माण सम्बन्धि आर्जन गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा ल्याएको वा नल्याएको पत्ता लगाउनु । | शिक्षिक/शिक्षिकाहरु<br>प्र.अ | अन्तरवार्ता<br>अन्तरवार्ता/छलफल |

### ३.२ अध्ययनको नमुना छनौट

यस अध्ययनका लागि नमुना छनौट निम्नानुसार गरियो ।

#### ३.२.१ स्थानको छनौट र जनसङ्ख्याको छनौट

यस अध्ययनमा नमुना छनौटका लागि सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकामा रहेका निम्न माध्यमिक तहका विद्यालयलाई छनौट गरियो । मेरो घर सुर्खेत जिल्ला भएको र मलाई पायक पर्ने, यसभन्दा अघि यस ठाँउमा अरुले यस शीर्षकमा अध्ययन गरेको नपाएकाले मैले यस जिल्लालाई छनौट गरेको हु । मैले स्नातक तहमा जनसङ्ख्या मूल विषय लिई अध्ययन गरेको, यस विषयमा मलाई ज्ञान भएको हुँदा स्वास्थ्य तथा जनसङ्ख्या विषय अध्यापन गर्ने शिक्षक तथा शिक्षिकालाई जनसङ्ख्याको रुपमा छनौट गरियो ।

#### ३.२.२ विद्यालयको छनौट

सुर्खेत जिल्लामा अवस्थित सामुदायिक विद्यालय ५१६ वटा र संस्थागत विद्यालय ६४ गरी जम्मा ५८० विद्यालयमध्येबाट वीरेन्द्रनगर नगरपालिकामा रहेका दुईवटा विद्यालय श्री जन उच्च माध्यमिक विद्यालय र श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयलाई उद्देश्यात्मक विधिबाट छनौट गरियो । मेरो अध्ययन गुणात्मक हुने र गुणात्मक अध्ययनका लागि उद्देश्यपूर्ण नमुना छनौट बढी उपयोगी र व्यवहारीक हुने भएकाले नमुना छनौटका लागि यस विद्यालयलाई छनौट गरिएको छ ।

#### ३.२.३ शिक्षक छनौट

छनौट गरिएका विद्यालय श्री जन उच्च माध्यमिक विद्यालय र श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक तथा शिक्षिकाहरुलाई उद्देश्यात्मक नमूना छनौट विधिद्धारा छनौट गरीयो र दुवै विद्यालयका दुईजना प्र.अ हरुलाई नमुनाको रुपमा छनौट गरियो ।

### ३.३ तथ्याङ्क संकलनका साधन

यस अध्ययनका लागि आवश्यक तथ्याङ्कहरु संकलन गर्नको लागि निम्न किसिमका साधनहरुको प्रयोग गरियो ।

#### ३.३.१ शिक्षक अर्न्तवार्ता

यस प्रश्नावलीमा शिक्षकहरुमा प्रश्नको निर्माण कसरी गर्नुहुन्छ । प्रश्ननिर्माण गर्दा सम्पूर्ण विषयवस्तुलाई समेटेको छ वा छैन, विशिष्टीकरण तालिकाको प्रयोग गरे नगरेको, प्रश्न बैङ्क, प्रश्न विश्लेषणको प्रयोग भए नभएको बारेमा प्रश्नहरु समावेश गरी शिक्षक प्रश्नावली निर्माण गरियो ।

### ३.३.२ प्र. अ अर्न्तवार्ता

यस अध्ययन प्रश्नावलीमा प्रश्नको कठिनाइले विद्यार्थीको विद्यालय छाड्ने समस्या छ वा छैन, परीक्षाको दिन उपस्थिती कम वा बढी, शिक्षकले प्रश्ननिर्माणमा ध्यान दिएको वा नदिएको, सैद्धान्तिक ज्ञानलाई व्यवहारमा लागू गरे वा नगरेको प्रश्नहरु समावेश गरी प्र.अ का लागि अर्न्तवार्ता प्रश्नावली गरियो ।

## ३.४ तथ्याङ्क संकलन विधि

यस अध्ययनमा शिक्षकहरुको प्रश्ननिर्माण गर्ने सैद्धान्तिक ज्ञान र कार्यान्वयनको अवस्था अध्ययनको लागि तथ्याङ्क संकलन गरियो । निम्न माध्यमिक विद्यालयमा गई कक्षा ६,७ र ८ मा जनसङ्ख्या अध्यापन गर्ने शिक्षकसँग अर्न्तवार्ता लिई प्रश्नावली गरियो र प्र.अ सँग अर्न्तवार्ता लिई प्रश्नावली गरियो ।

## ३.५ तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनमा विद्यालयका शिक्षक र प्र.अ सँग गरिएको अर्न्तवार्ताबाट प्राप्त सुचना एंवम जानकारीलाई व्याख्या गर्ने साथै अन्य तथ्याङ्कलाई गुणात्मक र परिमाणात्मक विधि अपनाई विश्लेषण र व्याख्या गरियो ।

## ३.६ साधनको वैधता

तथ्याङ्क संकलनको क्रममा प्राप्त हुन आएको सुचनालाई विभिन्न माध्यमबाट वैद्य बनाउने कोशिस गरिएकोछ । विभिन्न श्रोतबाट प्राप्त हुन आएको सुचनालाई जाँच गरी वैद्य बनाइयो । यस अध्ययन कार्यका शोध निर्देशक ज्यू, सहपाठि साथीहरुको राय सल्लाह सुझावको आधारमा सूचनालाई पूर्ण रुपमा वैद्यता प्रदान गरियो ।

## ३.७ नैतिकताको मापदण्ड

कानुनि रुपमा लिन नहुने तथा गर्न नहुने कुनै पनि क्रियाकलाप गरिएको छैन । दबाबमूलक तरिकाले उत्तर दिन बाध्य पारिएको छैन । संकलन गरिएको सुचना वास्तविकतामा आधारित रहेको छ । अन्त्यमा उनीहरुले खोज कार्यमा सहयोग गरेकोमा धन्यवाद व्यक्त गरिएको छ ।

# परिच्छेद - चार

## तथ्याङ्कहरुको विश्लेषण र व्याख्या

यस अध्ययनमा नि.मा.वि तहका शिक्षकहरुमा स्वास्थ्य तथा जनसङ्ख्या मूल विषयमा अध्यापनरत शिक्षकहरु, त्यस विद्यालयका प्रधानाध्यापकहरुसँग सूचनाहरु संकलन गरियो । यस अध्ययनमा छनोट गरिएका शिक्षकहरुमा प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान भए वा नभएको पत्ता लगाउनु, प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग भए वा नभएको पत्ता लगाउनु प्रश्न निर्माण सम्बन्धि आर्जन गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा ल्याएको वा नल्याएको कुरा पहिचान गर्नु उद्देश्यहरु भएको हुनाले सोही उद्देश्य अनुसार सूचनाहरुको विश्लेषण र व्याख्या यस परिच्छेदमा गरिएको छ ।

### ४.१ शिक्षकहरुमा प्रश्न निर्माण सम्बन्धी सैद्धान्तिक ज्ञान र कार्यान्वयनको अवस्था

यस अध्ययनमा निम्न माध्यमिक तहका शिक्षकहरुमा प्रश्न निर्माण गर्नका लागि र यसलाई प्रभावकारी बनाउनको लागि शिक्षकहरुमा रहेको प्रश्न निर्माण सम्बन्धी ज्ञान र कार्यान्वयनको अवस्थाबारे जानकारी लिन आवश्यक छ । शिक्षकहरुमा प्रश्नपत्र निर्माण सम्बन्धी सैद्धान्तिक ज्ञान छ वा छैन ? प्रश्न निर्माण गर्दा सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी प्रश्न निर्माण गरिएको छ ? प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग भएको छ ? प्रश्न निर्माण गर्दा प्रश्नबैङ्क र प्रश्न विश्लेषणको प्रयोग गरिएको छ ? प्रश्न निर्माण सम्बन्धी आर्जन गरेको ज्ञान र आफूले पाएको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा लागू गरे वा नगरेको अवस्था पत्ता लगाउने छनोटमा परेका दुईवटा विद्यालयका २ जना प्रधानाध्यापकलाई र ६ जना स्वास्थ्य तथा जनसङ्ख्या विषय पढाउने शिक्षकहरुलाई अर्न्तवार्ता निर्देशिकाको माध्यमबाट उनीहरुको प्रश्न निर्माण सम्बन्धि सैद्धान्तिक ज्ञान र कार्यान्वयनको अवस्था बारेमा तथ्याङ्क संकलन गरिएको थियो ।

#### ४.१.१ शिक्षकहरुमा प्रश्न निर्माण सम्बन्धी सैद्धान्तिक ज्ञानको अवस्था

यस शोधको लागि छानिएको विद्यालयमा नि.मा.वि तहका स्वास्थ्य तथा जनसङ्ख्या विषय पढाउने शिक्षक, त्यस विद्यालयका प्रधानाध्यापक आदिबाट अर्न्तवार्ता प्रश्नावली मार्फत आवश्यक तथ्याङ्कहरु लिइएको थियो । उक्त सूचनाहरुको विश्लेषण र व्याख्या तलका अनुच्छेदमा गरिएको छ ।

प्रधानाध्यापकसँग गरिएको अर्न्तवार्ता निर्देशिकाबाट प्राप्त सूचना अनुसार शिक्षकहरुमा प्रश्नपत्र निर्माण सम्बन्धि ज्ञान भएको पाईन्छ । तर उनीहरुले आफूले पाएको ज्ञानलाई व्यवहारमा लागू गरेको पाईदैन । प्रश्न निर्माण गर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिकाको प्रयोग गर्नुपर्छ भनेतापनि प्रश्नपत्र

निर्माण गर्दा कुनै शिक्षकले यसको प्रयोग गरेको पाईयो र कसैले प्रयोग नगरेको पाईयो । प्रश्न निर्माण गर्दा सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी प्रश्न निर्माण गरेको देखिदैन । वस्तुगत प्रश्न र विषयगत प्रश्नको तालमेल मिलाएको पाईदैन । प्रश्न निर्माण सम्बन्धी तालिम प्रांप्त शिक्षकले पनि प्रश्न निर्माणमा ध्यान कम दिएको पाईन्छ । उनीहरुमा शैक्षिक योग्यता बढी र स्थाई भएको कारणले गर्दा पनि प्रश्न निर्माणमा हेलचक्रयाई गरेको पाईन्छ । कम उमेरका शिक्षक र उनीहरुको अध्यापन गर्ने तहभन्दा पेशाप्रतिको दक्षताको कमीले गर्दा प्रश्न कसरी निर्माण गर्ने भन्ने सम्बन्धमा पूर्ण रुपमा जानकारी नभएको पाईन्छ । तर कतिपय कक्षामा विशिष्टीकरण तालिकाको अभावले गर्दा पनि प्रश्न निर्माणमा खासै ध्यान नदिएको पाईन्छ । प्रश्नबैङ्कको बारेमा जानकारी हुँदाहुदै पनि पुराना प्रश्नको माध्यमबाट प्रश्न निर्माण नगरी आफ्नै तरिकाले प्रश्न निर्माण गरेको पाईन्छ । शिक्षकहरुले प्रश्न विश्लेषणको प्रयोग पनि कम गरेको पाईन्छ । प्रश्नपत्रलाई प्रभावकारी बनाउन प्रश्नपत्र निर्माणकर्ताले विशिष्टीकरण तालिका र पाठ्यक्रमको उपयोग गरी निर्माण गर्नुपर्छ । विद्यार्थीको स्तरलाई ध्यान दिई प्रश्न निर्माण गर्नुपर्दछ । प्रश्नपत्रमा हुनुपर्ने गुण, विश्वसनीयता, वैद्यता र वस्तुनिष्ठता सम्पूर्ण पक्षलाई समेटेर प्रश्न निर्माण गर्नुपर्ने सुझाव रहेको पाईन्छ । (अनुसूची - १)

शिक्षकहरुसँग लिइएको अर्न्तवार्ता निर्देशिकाबाट प्राप्त सूचनाअनसार उनीहरुमा प्रश्न निर्माण गर्दा सम्पूर्ण विषयवस्तुलाई समेटेको पाईदैन । विषयगत र वस्तुगत प्रश्नको तालमेल मिलाएको पाईदैन । प्रश्न निर्माण गर्दा प्रयोगात्मक र मौखिक परीक्षाको प्रयोग गरेको पाईयो । वस्तुगत प्रश्न खाँली ठाँउ भर्ने, जोडा मिलाउने, बहुवैकल्पीक, ठीक बेठीक छट्याउने प्रश्न हुन् भन्ने बारे त्यति जानकारी रहेको पाईएन । प्रश्न निर्माण गर्दा ज्ञान, बोध र प्रयोग तीनवटै पक्षलाई समेटी प्रश्नको निर्माण गरेको पाईयो । प्रश्नपत्रमा शुद्धता नै रहेको पाईयो । शिक्षकहरुले आफूले प्रश्न निर्माण गर्दा सम्पूर्ण पक्षलाई नसमेट्नुको कारण सम्पूर्ण तहमा विशिष्टीकरण तालिका नहुनु, आफूहरुलाई यस सम्बन्धी तालिम नदिएको कारणले गर्दा प्रश्न निर्माणमा केही कमजोरी रहेको धारणा पाईयो । उनीहरुका अनुसार प्रश्नपत्रलाई अझ प्रभावकारी बनाउन सम्पूर्ण विद्यालयका सम्पूर्ण तहमा विशिष्टीकरण तालिकाको ज्ञान मात्र नभई यसको प्रयोग पनि गर्नुपर्ने , प्रश्न निर्माण सम्बन्धी बेला-बेला तालिम लिनुपर्ने, गोष्ठी हुनुपर्ने सुझाव रहेको पाईयो । (अनुसूची - २)

### ४.१.२ प्रधानाध्यापकको प्रश्न निर्माण सम्बन्धि ज्ञानको अवस्था

**तालिका नं. १**

**प्रधानाध्यापकको प्रश्न निर्माण सम्बन्धी ज्ञान**

| प्रश्न निर्माण गर्दा सम्पूर्ण विषयवस्तुलाई समटेको | | | प्रश्न निर्माण सम्बन्धी तालिमको व्यवस्था | | | प्रश्नपत्र निर्माण पाठ्यक्रमको उद्देश्य अनुरुप गरेको | | प्रश्नपत्र निर्माण गर्दा विषयगत र वस्तुगत प्रश्नकोतालमेल मिलाएको | | प्रश्न निर्माणमा पूर्णाङ्क तथा प्रश्न सङ्ख्या अनुसार समयलाई ध्यान दिएको | | | प्रश्नपत्रको निर्माण गर्दा प्रश्नको कठिनाईस्तरलाई ध्यान दिएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | छ | छैन | कम मात्रामा | पाइन्छ | पाइदैन | पाईन्छ | पाइदैन | पाइन्छ | पाइदैन | कम मात्रामा | पाईन्छ | पाईदैन | कम मात्रामा |
| | १ | | १ | | १ | १ | | १ | | १ | | १ | १ | | १ |
| | १ | | | | | १ | | १ | | | | | | | |
| जम्मा | २ | | १ | | १ | २ | | २ | | १ | | १ | १ | | १ |

स्रोत : स्थलगत अध्ययन,२०६७

माथिको तालिका नं २ लाई विश्लेषण गर्दा २ जना शिक्षकहरुका अनुसार प्रश्न निर्माण गर्दा ८० % विषयवस्तुलाई कतिपय शिक्षकले समेटेको पाईन्छ भने कतिपय शिक्षकले विषयवस्तुलाई कम ध्यान दिएर प्रश्नपत्र निर्माण गरेको पाईन्छ । प्रश्नपत्र निर्माण गर्दा विषयवस्तुलाई नसमेट्नुको प्रमुख कारण बजेटको कमी, प्रश्न निर्माण सम्बन्धि ज्ञानको अभाव, प्रश्न निर्माण सम्बन्धि तालिमको अभाव रहेको पाईन्छ । प्रश्नपत्र निर्माण सम्बन्धि तालिम कुनै शिक्षकले लिएको पाईन्छ भने कुनै शिक्षकहरु तालिमबारे कम मात्रामा अनविज्ञ रहेको पाईन्छ । तर तालिमप्राप्त शिक्षकले पनि आफूले पाएको ज्ञानलाई व्यवहारमा नउतारेको पाईन्छ । दुवै प्रधानाध्यापक अनुसार शिक्षकहरुले प्रश्न निर्माण गर्दा विषयगत र वस्तुगत प्रश्नको तालमेल मिलाएको पाईन्छ । तर त्यस विद्यालयहरुमा निर्माण गरिएको प्रश्नपत्रको विश्लेषण गर्दा कक्षा ६ र ८ मा विषयगत प्रश्नहरु मात्र समावेश गरेर वस्तुगत प्रश्नलाई ध्यानमा नराखेर प्रश्न निर्माण गरेको पाईन्छ । कक्षा ७ मा विषयगत र वस्तुगत प्रश्नको तालमेल मिलाएर प्रश्न निर्माण गरेको नै देखिन्छ ।

एकजना प्रधानाध्यापकका अनुसार प्रश्न निर्माण गर्दा प्रश्नको कठिनाईस्तरलाई ध्यान दिएको पाईदैन भने अर्को विद्यालयका प्रधानाध्यापकका अनुसार प्रश्नको कठिनाईस्तरलाई कम मात्रामा ध्यान दिएको पाईन्छ । किनकी सम्पूर्ण शिक्षकहरुमा प्रश्न निर्माण कसरी गर्ने भन्ने ज्ञान कम मात्रामा रहेकाले यो समस्या देखिन्छ । दुवै विद्यालयका प्रधानाध्यापकहरुका अनुसार प्रश्न निर्माणमा पूर्णाङ्क तथा प्रश्न सङ्ख्या अनुसार समयलाई कम ध्यान दिएको पाईन्छ । किनकी कतिपय शिक्षकले मूल विषय अर्के लिने र शिक्षण गर्दा चाहि अर्के विषय शिक्षण गरेको पाईन्छ । कम उमेर भएका शिक्षकले विषयवस्तु आफ्नो शैक्षिक योग्यता भन्दा माथिल्लो स्तरका कक्षाहरुमा अध्यापन गरको र उनीहरुको पेशाप्रतिको दक्षताको कमी आदिको आधारमा पनि प्रश्न निर्माण सम्बन्धि हेलचक्र्याई गरेको र आफूले पाएको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा प्रयोग नगरेको पाईन्छ ।

कतिपय शिक्षकहरुमा यसो गर्नुको कारण उनीहरुमा विशिष्टीकरण तालिकाको अभाव, प्रश्न निर्माण सम्बन्धि तालिमको अभाव, प्रश्नबैङ्कको प्रयोगमा कमी, प्रश्नविश्लेषणको कम प्रयोगले गर्दा शिक्षकहरुलाई यस सम्बन्धि धारणा कम रहेको पाइन्छ । प्रधानाध्यापकका अनुसार प्रश्नपत्रलाई प्रभावकारी बनाउन प्रश्न निर्माणकर्ताले प्रश्न बनाउदा पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको स्तर, प्रश्नपत्रमा हुनुपर्ने विश्वसनियता, वैद्यता र वस्तुनिष्ठता आदि सम्पूर्ण पक्षलाई समेटेर प्रश्न निर्माण गर्नुपर्ने र सम्पूर्ण शिक्षकहरुमा प्रश्नपत्र कसरी निर्माण गर्ने भन्ने सम्बन्धमा तालिम दिनुपर्ने धारणा रहेको पाईन्छ ।

### ४.१.३ शिक्षकहरुको प्रश्ननिर्माण सम्बन्धी ज्ञानको अवस्था

**तालिका नं. २**

**शिक्षकहरुको प्रश्न निर्माण सम्बन्धी ज्ञान**

| प्रश्नहरुकति प्रकारका छन् | | प्रश्नपत्र के का आधारमा निर्माण गर्नुहुन्छ | | | सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी प्रश्नको निर्माण गर्नुहुन्छ | | | प्रश्न निर्माण गर्दा कसको सहयोग लिनहुन्छ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वस्तुगत | विषयगत | पाठ्यक्रम | विशिष्टीकरण तालिकाको | पाठ्य पुस्तकको आधारमा | विशिष्टीकरण तालिका | पाठ्यपुस्तक र पाठ्यक्रम | पाठ्यपुस्तक | विशिष्टीकरण तालिका | पाठ्य पुस्तक | प्रश्न बैंङ्क | पाठ्यक्रम |
| ६ | | ३ | १+१ | १ | १+१ | १+१+१ | १ | १+१ | १ | १ | १ |
| | | | २ | १ | २ | ३ | १ | २ | १ | १ | २ |

स्रोत : स्थलगत अध्ययन,२०६७

माथिको तालिका नं. ३ लाई विश्लेषण गर्दा दुवै विद्यालयका सम्पूर्ण शिक्षकहरुले प्रश्न निर्माण गर्दा वस्तुगत र विषयगत प्रश्नहरु समावेश गरी प्रश्न निर्माण गरेको पाईन्छ । यसो भनेतापनि कक्षा ७ मा विषयगत र वस्तुगत प्रश्न समावेश गरी प्रश्न निर्माण गरेको पाईन्छ । कक्षा ६ र ८ मा विषयगत प्रश्नहरु मात्र समावेश गरी प्रश्न निर्माण गरेको पाईन्छ । प्रश्न निर्माण गर्दा ३ जना शिक्षकहरुका अनुसार शिक्षकले पाठ्यक्रमको आधारमा प्रश्नपत्रको निर्माण गरेको पाईन्छ । त्यसैगरी २ जना शिक्षकले विशिष्टीकरण तालिका र १ जना शिक्षकले पाठ्यपुस्तकको आधारमा सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी प्रश्नपत्र निर्माण गरेको पाईन्छ । एउटै प्रश्नमा सबै शिक्षकले उत्तर दिदा सबैजनाको उत्तर फरक -

फरक भएकोले प्रश्न निर्माण गर्दा शिक्षकहरुमा प्रश्न निर्माण गर्ने कला, सीप, तरिकामा भिन्नता रहेको पाईन्छ । आफ्नै सिद्धान्त अनुरुप प्रश्न निर्माण गरेको पाईन्छ । ३ जना शिक्षकहरुका अनुसार विशिष्टीकरण तालिकाको प्रयोग गरी सम्पूर्ण विषयवस्तुलाई समेटी प्रश्न निर्माण गरेको देखिन्छ ।

प्रश्नपत्र तयार गर्दा दुवै विद्यालयका ६ जना शिक्षकहरुले विभिन्न माध्यमबाट प्रश्नपत्र तयार गरेको पाईन्छ । कक्षा ८ मा अध्यापनरत २ जना शिक्षकका अनुसार विशिष्टीकरण तालिकाको माध्यमबाट आफूले प्रश्न निर्माण गरेको धारणा रहेको पाईन्छ । १ जना शिक्षकले पाठ्यपुस्तकद्धारा प्रश्न निर्माण गरेको पाईन्छ । २ जना शिक्षकले पाठ्यपुस्तक र प्रश्न बैङ्कको माध्यमबाट नभई पाठ्यक्रमको सहायता लिई प्रश्नपत्र निर्माण गरेको पाईन्छ । १ जना शिक्षकले पुराना प्रश्नहरु हेरी नयाँ प्रश्नहरुको निर्माण गर्न प्रश्न बैङ्कको सहयोगबाट प्रश्न निर्माण गरेको पाईन्छ ।

### ४.१.४ शिक्षकहरुमा विषयगत, वस्तुगत, प्रयोगात्मक र मौखिक परीक्षाको प्रयोगको अवस्था

**तालिका नं ३**

**विषयगत ,वस्तुगत प्रयोगात्मक र मौखिक परीक्षाको प्रयोग**

| विषयगत प्रश्न | | वस्तुगत प्रश्न | | | | प्रयोगात्मक परीक्षा र मौखिक परीक्षाको प्रयोग | | |
|---|---|---|---|---|---|---|---|---|
| लामो उत्तर आउने | छोटा उत्तर आउने | बहुवैकल्पीक प्रश्न | खाँलि ठाँउ भर्ने | जोडा मिलाउने | ठीकबेठीक | विद्यार्थीलाई सोधेर | कक्षा कोठामा प्रयोग गरेर | पूणाङ्कको आधारमा |
| ६ | | | | | | १ | १+१+१ | १+१ |
| | | | | | | | | |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका नं ३ लाई विश्लेषण गर्दा विषयगत प्रश्न भनेका लामा उत्तर आउने प्रश्न र छोटा उत्तर आउने खालका प्रश्न हुन् भन्ने धारणा नभई लामा उत्तर आउने खालका प्रश्न मात्र विषयगत प्रश्न हुन् भन्ने धारणा रहेको पाईन्छ । वस्तुगत प्रश्न भनेका बहुवैकल्पीक, खाँली ठाँउ भर्ने, जोडा मिलाउने, ठीक बेठीक प्रश्न हुन भन्ने धारणा नभई छोटा उत्तर आउने प्रश्न मात्र हुन् भन्ने धारणा रहेको पाईन्छ । यसरी मूल्याङ्कन गर्दा ६ जना शिक्षकहरुमा लामा र छोटा उत्तर आउने प्रश्नप्रति त्यति ज्ञान नरहेको पाईन्छ । प्रश्नपत्रमा पनि यी सम्पूर्ण पक्षहरुलाई नसमेटी प्रश्नपत्र तयार पारेको देखिन्छ । त्यसैले सम्पूर्ण शिक्षकहरुमा विषयगत र वस्तुगत प्रश्नहरुमा कम मात्रामा ज्ञान रहेको पाईन्छ । शिक्षकहरुले विशिष्टीकरण तालिका, पाठ्यक्रमको सहायता लिई प्रश्न निर्माण गरे भनेतापनि उनीहरुमा प्रश्न निर्माण गर्ने दक्षता कम रहेको पाईन्छ । यसबाट पनि प्रष्ट हुन्छ कि शिक्षकहरुमा प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान कम मात्रामा रहेको पाईन्छ ।

दुवै विद्यालयका ६ जना शिक्षकहरुले प्रयोगात्मक परीक्षा र मौखिक परीक्षाको पनि प्रयोग गरेको पाईन्छ । ६ जना शिक्षकहरु प्रयोगात्मक परीक्षा र मौखिक परीक्षाको प्रयोग गर्दा विशिष्टीकरण तालिकाको माध्यमबाट नलिई यस सम्बन्धि सैद्धान्तिक ज्ञान नभएतापनि आफ्नै ढङ्गबाट यस परीक्षाको प्रयोग गरेको पाईन्छ । १ जना शिक्षकले कक्षाकोठामा विद्यार्थीहरुलाई सोधेर मौखिक परीक्षाको प्रयोग गरेको पाईन्छ भने ३ जना शिक्षकले विद्यार्थीलाई कक्षाकोठामा समावेश गरी प्रयोगात्मक परीक्षाको प्रयोग लिएको पाईन्छ । २ शिक्षकले परीक्षामा कति पूर्णाङ्कको परीक्षा लिने हो त्यही पूर्णाङ्कको आधारमा प्रश्न सोधि मौखिक र प्रयोगात्मक परीक्षाको प्रयोग गरेको पाईन्छ ।

### ४.१.५ शिक्षकहरुमा विशिष्टीकरण तालिका र प्रश्नबैंङ्कको प्रयोगको अवस्था

**तालिका नं. ४**

**विशिष्टीकरण तालिका र प्रश्नबैङ्क सम्बन्धी ज्ञान**

| विशिष्टीकरण तालिकाको बारेमा | | प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोग गर्नुहुन्छ | | प्रश्न निर्माण गर्दा कुन-कुन पक्षलाई समेट्नुहुन्छ | | | प्रश्नबैंङ्कको बारेमा थाहा छ | | प्रश्नबैङ्कको प्रयोग | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| छ | छैन | हुन्छ | हुदैन | ज्ञान | बोध | प्रयोग | छ | छैन | पुराना प्रश्न हेरेर | उपयुक्त प्रश्नको छनोट गर्न |
| | | | | | | | ४ | | | |
| २ | ४ | २ | ४ | | ६ | | ४ | २ | २ | २ |

स्रोत : स्थलगत अध्ययन,२०६७

माथिको तालिका नं. ५ लाई विश्लेषण गर्दा विशिष्टीकरण तालिकाको बारेमा जानकारी भएको वा नभएको भन्ने प्रश्न सोधिएकोमा ६ जना शिक्षकहरुमध्ये २ जना शिक्षकहरुलाई विशिष्टीकरण तालिकाको बारेमा जानकारी रहेको पाईन्छ । यी दुवै जना शिक्षकलाई यस सम्बन्धी पूर्ण ज्ञान रहेको पाईन्छ र ४ जना शिक्षकहरुलाई यस सम्बन्धी ज्ञान भएतापनि विशिष्टीकरण तालिकाको प्रयोग गरेको पाईदैन । किनभने २ जना शिक्षकले प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको माध्यमबाट प्रश्न निर्माण गरेको पाईन्छ । ४ जना शिक्षकहरुले प्रश्न निर्माण गर्दा पाठ्यक्रम र पाठ्यपुस्तकको सहायता लिई प्रश्न निर्माण गरेको पाईन्छ ।

प्रश्न निर्माण गर्दा ज्ञान, बोध र प्रयोग तीनवटै पक्षलाई समेट्नुपर्छ भन्ने धारणा रहेको पाईन्छ । प्रश्नको विश्लेषण गर्दा पनि यी तीनवटै पक्षलाई समेटेको पाईन्छ । कसैले विद्यार्थीको बौद्धिक क्षमता पत्ता लगाउन, कसैले विद्यार्थीलाई ज्ञान दिन, विद्यार्थीहरुमा सबै पक्षको विकास गराउन र विद्यार्थीको क्षमता,उपलब्धी बराबर होस् भनी यी तीनवटै पक्षलाई समेटी प्रश्न निर्माण गरेको पाईन्छ । प्रश्न बैङ्कको बारेमा पनि ४ जना  शिक्षकलाई जानकारी रहेको पाईन्छ । किनभने उनीहरुले प्रश्नको निर्माण गर्दा प्रश्नबैङ्कको प्रयोग गरेको पाईन्छ । २ जना शिक्षकलाई प्रश्न बैङ्कको बारेमा थाहा नभएको पाईन्छ । किनभने प्रश्नको विश्लेषण गर्दा  उनीहरुले विशिष्टीकरण तालिकाको सहारा लिई प्रश्न निर्माण गरेको र प्रश्नबैङ्क सम्बन्धी तालिम नलिएकोले र प्रश्न निर्माण गर्दा यसको प्रयोग नगरेको हुँदा यस सम्बन्धि जानकारी  नै नभएको पाईन्छ । प्रश्नपत्र तयार गर्दा ४ जना शिक्षकमध्ये २ जना शिक्षकले  पुराना प्रश्न हेरेर नयाँ प्रश्नपत्र तयार गर्नको लागि प्रश्नबैङ्कको प्रयोग गरेको पाईन्छ । २ जना शिक्षकहरुले उपयुक्त प्रश्नको छनोट गरी नयाँ प्रश्न निर्माण गर्नको लागि प्रश्न बैङ्कको प्रयोग गरेको धारणा रहेको पाईन्छ ।

यी सम्पूर्ण पक्षलाई मूल्याङ्कन गर्दा दुवै विद्यालयका शिक्षकहरुलाई प्रश्न निर्माण गर्दा कुन - कुन पक्ष ( ज्ञान,बोध,प्रयोग ) लाई समेटी प्रश्न निर्माण गर्ने भन्ने जानकारी रहेको पाईन्छ । प्रश्न निर्माण गर्दा प्रश्नबैङ्कको प्रयोग कसरी गर्ने र किन गर्ने भन्ने सम्बन्धमा तालिम लिनु आवश्यक रहेको देखिन्छ । उनीरुको पेशागत दक्षताको कमी,आफ्नो अध्ययन गरेको विषय अर्कै र आफूले अध्यापन गरेको विषय अर्कै भएको कारणले यस सम्बन्धी जानकारी नै नरहेको पाईन्छ । हामीलाई सम्पूर्ण जानकारी छ भन्ने मनसायले गर्दा प्रश्न निर्माणमा हेलचक्रयाई गरेको पाईन्छ ।

### ४.१.६ शिक्षकहरुमा प्रश्नविश्लेषण र प्रश्नपत्रको शुद्धताको प्रयोगको अवस्था

**तालिका नं. ५**

**प्रश्नविश्लेषण र शुद्धता सम्बन्धी ज्ञान**

| प्रश्न बैङ्कको आवश्यकता किन पर्दछ | | | प्रश्न विश्लेषणको बारेमा थाहा छ। | | प्रश्न विश्लेषणको प्रयोग कसरी गर्नुहुन्छ | | | प्रश्नपत्रलाई कसरी शुद्ध बनाउन सकिन्छ। | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्नपत्रले सम्पूर्ण क्षेत्रलाई समेट्न | समयको तालमेल मिलाई प्रश्न निर्माण गर्न | प्रश्नको नमूना हेर्नको लागि | छ | छैन | सबै प्रश्नहरु परे नपरेको हेर्न | प्रश्न उचित छ वा छैन भनि हेर्न | प्रश्न निर्माण गरेपछि सिकाईका सिद्धान्त र पक्षलाई समेटेको | भाषा,दोहोरो अर्थ नलाग्ने शब्द | गल्ती सच्याएर | धेरै पल्ट बनाएको प्रश्नको विश्लेषण गरेर |
| २ | १ | ३ | ५ | १ | ३ | १ | १ | २ | २ | २ |

स्रोत : स्थलगत अध्ययन,२०६७

माथि प्रस्तुत तालिका नं. ४ लाई विश्लेषण गर्दा प्रश्नबैङ्कको आवश्यकता पर्नुको कारण विभिन्न किसिमको रहेको धारणा पाईन्छ । जसअनुसार २ जना शिक्षकका अनुसार प्रश्नपत्रले सम्पूर्ण क्षेत्रलाई समेट्न प्रश्नबैङ्कको आवश्यकता रहेको पाईन्छ । १ जना शिक्षकका अनुसार विशिष्टीकरण तालिका अनुसार समयको तालमेल मिलाई प्रश्न निर्माण गर्न र १ जना शिक्षकका अनुसार नयाँ प्रश्नपत्र बनाउन पुराना प्रश्नपत्रको संकलन गरी नमूना हेर्नको लागि प्रश्न बैङ्कको आवश्यकता रहेको पाईन्छ । प्रश्न विश्लेषणको बारेमा १ जना शिक्षकलाई थाहा नभएको पाईन्छ र त्यस सम्बन्धी जानकारी नै नभएको देखिन्छ । जसको कारण यस सम्बन्धी तालिमको अभाव भएको पाईन्छ । ५ जना शिक्षकलाई उनीहरुको वर्षोदेखिको अनुभव पेशागत दक्षता, तालिमसम्बन्धी अनुभव भएको कारणले गर्दा प्रश्न विश्लेषण सम्बन्धी जानकारी रहेको पाईन्छ । दुवै विद्यालयका ६ जना शिक्षकहरुमध्ये ३ जना शिक्षकका अनुसार प्रश्न विश्लेषणको प्रयोग प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुरुप प्रश्नहरु परे नपरेको हेर्न यसको प्रयोग गरेको पाईन्छ । १ जना शिक्षकका अनुसार बनाएका प्रश्नहरु विद्यार्थीका लागि सुहाँउदा लामा, छोटा प्रश्न उचित छ वा छैन भनी हेर्न, पूर्णाङ्क अनुसार समयको तालमेल मिलाउन यसको प्रयोग गरेको

देखिन्छ । १ जना शिक्षिकका अनुसार प्रश्न निर्माण गरेपछि प्रश्नले विद्यार्थीका सिकाईका सिद्धान्त र पक्षलाई समेटेको छ, छैन भनी हेर्न यसको प्रयोग गरेको पाईन्छ ।

दुवै विद्यालयका ६ जना शिक्षकहरुलाई प्रश्नपत्र कसरी शुद्ध बनाउनुपर्छ भन्ने ज्ञान रहेको पाईन्छ । २ जना शिक्षकका अनुसार प्रश्नपत्र शुद्ध बनाउन प्रश्नपत्रमा उल्लेखित भाषा स्पष्ट हुनुपर्ने देखिन्छ । २ जना शिक्षकका अनुसार प्रश्नपत्रमा भएका गल्ती सच्याएर प्रश्नलाई शुद्ध बनाएको पाईन्छ । २ जना शिक्षकका अनुसार धेरैपल्ट बनाएको प्रश्नलाई विश्लेषण गरेर प्रश्न शुद्ध बनाउनु पर्ने धारणा रहेको पाईन्छ ।

### ४.१.७ शिक्षकहरुमा प्रश्नपत्रलाई प्रभावकारी बनाउने अवस्था

**तालिका नं. ६**

**प्रश्नपत्र प्रभावकारी बनाउने सम्बन्धी ज्ञान**

| प्रश्नपत्रलाई प्रभावकारी बनाउन के गर्नुपर्ला | | | |
|---|---|---|---|
| तालिमको व्यवस्था | प्रश्नपत्रको कमजोरी हटाउने र उद्देश्यमूलक बनाउने | पाठ्यक्रम र विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण गर्ने | बेलाबेलामा प्रश्न निर्माण सम्बन्धि गोष्ठी गरेर |
| २ | १ | २ | १ |

स्रोत : स्थलगत अध्ययन,२०६७

माथिको तालिका नं. ६ लाई विश्लेषण गर्दा तालिम प्राप्त शिक्षक र तालिम अप्रयाप्त शिक्षक रहेको देखिन्छ । २ जना शिक्षक तालिम नलिएको र ४ जना शिक्षकले तालिम लिएको भएतापनि राम्रोसँग अरु थप तालिमको जरुरी रहेको धारणा पाईन्छ । प्रश्नपत्रलाई प्रभावकारी बनाउनको लागि २ जना शिक्षकका अनुसार अरु थप तालिमको व्यवस्था हुनुपर्ने, १ जना शिक्षकका अनुसार प्रश्नपत्रको कमजोरी हटाउने र उद्देश्यमूलक बनाउने, २ जना शिक्षकका अनुसार पाठ्यक्रम र विशिष्टीकरण तालिकाको आधारमा प्रश्ननिर्माण गर्नुपर्ने र १ जना शिक्षकका अनुसार बेलाबेलामा प्रश्न निर्माण सम्बन्धि गोष्ठी गरेर प्रश्नपत्रलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने धारणा रहेको पाईन्छ ।

### ४.२ नि.मा.वि तहको स्वास्थ्य तथा जनसङ्ख्या विषयको प्रश्न विश्लेषण

कक्षा ६ र ७ को लागि विशिष्टीकरण तालिका तयार नभएको कारणले गर्दा उक्त कक्षाहरुको प्रश्न कक्षा ८ को विशिष्टीकरण तालिकासँग तुलना गरिएको छ ।

### ४.२.१ कक्षा ८ को विशिष्टीकरण तालिका अनुसार कक्षा ६ को प्रश्न विश्लेषण

कक्षा ६ को स्वास्थ्य तथा जनसङ्ख्या विषयको प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रमा विषयगत प्रश्नहरु मात्र समावेश गरेको पाईन्छ । वस्तुगत प्रश्नहरु समावेश गरेको पाईदैन । सम्पूर्ण विषयवस्तुलाई समेटेको पाईदैन । निबन्धात्मक र छोटो उत्तर आउने प्रश्नको तालमेल मिलाएको पाईन्छ । प्रश्नपत्र तयार गर्दा कक्षा ८ को विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरेको पाईन्छ । प्रश्न निर्माण गर्दा खाँली ठाँउ भर्ने, जोडा मिलाउने , बहुवैकल्पीक, ठीकबेठीक, छोटो प्रश्न र लामो प्रश्न सबैको तालमेल मिलाएको पाईदैन । प्रश्न निर्माण गर्दा ज्ञान, बोध र प्रयोग तीनवटै पक्षलाई समेटी प्रश्न निर्माण गरेको पाईन्छ । ज्ञान पक्षलाई बढी समावेश गरेको पाईन्छ । प्रश्न निर्माण गर्दा सबै पाठलाई महत्व दिन नसकेको पाईयो । लामा पाठबाट कम प्रश्न र छोटा पाठबाट बढी प्रश्नहरु समावेश गरेको पाईयो । प्रश्न निर्माण गर्दा प्रश्नको कठिनाईस्तरलाई ध्यान दिएको पाईदैन । पूर्णाङ्कअनुसार उत्तीर्णाङ्क पनि मिलेको पाईन्छ । विषयगत प्रश्नमा छोटो उत्तर आउने प्रश्न २ अंकका दरले ६ वटा र लामो उत्तर आउने ५ अंकको ३ वटा र ३ अंकको १ वटा गरी ४ वटा प्रश्नहरु निर्माण गर्ने गरेको पाईयो (हेर्नुहोस् अनुसूची -३) ।

### ४.२.२ कक्षा ८ को विशिष्टीकरण तालिका अनुसार कक्षा ७ को प्रश्नपत्र विश्लेषण

कक्षा ७ को स्वास्थ्य शारीरिक तथा जनसङ्ख्या वातावरण शिक्षा विषयको प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रमा विषयगत र वस्तुगत प्रश्नहरु समावेश गरेको पाईयो । वस्तुगत प्रश्नमा खाँली ठाँउ भर्ने, बहुवैकल्पीक, प्रश्न समावेश गरेको पाईयो । सम्पूर्ण विषयवस्तुलाई समेटेर प्रश्न निर्माण गरेको पाईन्छ । कक्षा ७ को विशिष्टीकरण तालिका निर्माण नभएको कारणले गर्दा कक्षा ८ को विशिष्टीकरण तालिकालाई आधार मानी प्रश्न निर्माण गरेको पाईन्छ । प्रश्न निर्माण गर्दा सम्पूर्ण पक्ष (ज्ञान, बोध र प्रयोग ) लाई समेटी निर्माण गरेको पाईन्छ । छोटो प्रश्न बढी र लामो प्रश्न कम रहेको पाईन्छ । प्रश्नको कठिनाईस्तरलाई ध्यान नदिई प्रश्न निर्माण गरेको पाईन्छ । सबै पाठलाई महत्व दिई सबै पाठबाट प्रश्नहरु समावेश गरेको पाईयो । प्रश्नपत्रमा शुद्धता भएको पाईयो । पूर्णाङ्क र प्रश्नसङ्ख्या अनुसार समयलाई ध्यान दिएको पाईयो । विषयगत प्रश्नको पूर्णाङ्क बढी र वस्तुगतमा कम रहेको पाईन्छ । विषयगत प्रश्नमा छोटो उत्तर आउने ४ अंकको ४ वटा र ३ अंकको ४ वटा र लामो उत्तर आउने ५ अंकको ३ वटा, ८ अंकको १ वटा र वस्तुगत प्रश्नमा खाँली ठाँउ भर्ने ४ अंकको र बहुविकल्पमा ०.५ अंकको १० वटा प्रश्नहरु रहेको पाईयो (हेर्नुहोस् अनुसूची - ४)

### ४.२.३ कक्षा ८ को प्रश्न विश्लेषण

कक्षा ८ को जनसङ्ख्या तथा वातावरण शिक्षाको प्रश्नपत्रको विश्लेषण गर्दा प्रश्नपत्रमा विषयगत प्रश्नहरु मात्र समावेश गरेको पाईन्छ । विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण गरेको पाईन्छ । सम्पूर्ण विषयवस्तुलाई समेटेर प्रश्न निर्माण गरेको पाइदैन । छोटो प्रश्न र लामो प्रश्नको तालमेल मिलाएको पाईन्छ । सबै पाठलाई महत्व दिई सबै पाठबाट प्रश्न समावेश गरेको पाईन्छ । प्रश्न निर्माण गर्दा सम्पूर्ण पक्ष (ज्ञान, बोध र प्रयोग ) लाई समेटी निर्माण गरेको पाईन्छ । पूर्णाङ्क अनुसार समयलाई मिलाएको पाईन्छ । छोटो उत्तर आउने १० वटा प्रश्न अङ्कभार २ गरी जम्मा २० पूर्णाङ्कको प्रश्न समावेश गरेको पाईन्छ भने लामो उत्तर आउने ६ वटा प्रश्न अङ्कभार ५ गरी जम्मा ३० पूर्णाङ्कको प्रश्न समावेश गरेको पाईन्छ । यसमा पूर्णाङ्क, प्रश्नसङ्ख्या, उत्तीर्णाङ्क र समयलाई ध्यान दिएको पाईन्छ । (हेर्नुहोस् अनुसूची - ५)

## ४.३ नि.मा.वि तहका शिक्षकहरुको शैक्षिक योग्यता, लैङ्गिक र जातिगत अवस्था

### ४.३.१ शिक्षकहरुको शैक्षिक अवस्था

विद्यार्थीहरुको शिक्षण सिकाइमा महत्वपूर्ण भूमिका शिक्षकहरुको शैक्षिक योग्यताको हुन्छ । यस अध्ययनमा शिक्षकहरुको शैक्षिक योग्यताको स्थिती हेर्दा आई.ए देखि स्नातकोत्तर सम्म रहेको देखिन्छ । जसलाई तालिकाद्धारा प्रष्ट रुपमा हेर्न सकिन्छ ।

**तालिका नं. ७**

**शिक्षकहरुको शैक्षिक योग्यता**

| क.स | शैक्षिक योग्यता | शिक्षकहरुको सङ्ख्या |
|---|---|---|
| १ | स्नातकोत्तर तह | ४ ( ५०%) |
| २ | स्नातक तह | ३ (३७.५%) |
| ३ | प्रवीणता प्रमाणपत्र तह | १ (१२.५%) |

स्रोत : स्थलगत अध्ययन,२०६७

माथिको तालिका अनुसार शिक्षकहरुको शैक्षिक योग्यताको स्थिति हेर्दा छनोटमा परेका धेरैजसो शिक्षकहरुको उच्च शिक्षा ( ५०%) रहेको पाईयो । त्यसैगरी स्नातक सम्मको शैक्षिक योग्यता भएका शिक्षकहरु ( ३७.५%) रहेको पाईयो । प्रविणता प्रमाणपत्र तह सम्मको शैक्षिक योग्यता भएका शिक्षक

सबैभन्दा कम ( १२.५%) रहेको पाईयो । मा.वि तहसम्म अध्यापनरत ४ जना शिक्षकहरु रहेको पाईयो । नि.मा.वि तहसम्म अध्यापनरत ४ जना शिक्षकहरु रहेको पाईयो ।

यसरी समग्रमा हेर्दा ती दुवै विद्यालयका सम्पूर्ण शिक्षकहरुको शैक्षिक योग्यताको स्थितिलाई हेर्दा प्रविणता प्रमाणपत्र देखि स्नातकोत्तर तहसम्मको शैक्षिक योग्यता भएका शिक्षकहरु रहेको देखिन्छ । सम्पूर्ण शिक्षकहरुले आफ्नो योग्यताअनुसारको अध्यापन गर्ने क्षमता रहेको पाईन्छ ।

### ४.३.२ शिक्षकहरुको जातिगत अवस्था

यस अध्ययनमा दुइवटा विद्यालयका छनोटमा परेका ८ जना शिक्षकहरु मध्ये २ जना प्रधानाध्यापक, ६ जना स्वास्थ्य तथा जनसङ्ख्या विषय अध्यापन गर्ने शिक्षकहरुको जातिगत रुपमा वर्गीकरण गर्दा सम्पूर्णशिक्षकहरुको जातिगत अवस्था फरक-फरक रहेको पाईयो । जसलाई निम्न अनुसार तालिकामा देखाईएको छ ।

**तालिका नं. ८**

**शिक्षकहरुको जातिगत स्थिति**

| क्र.स | जातिगत विवरण | शिक्षकहरुको सङ्ख्या |
|---|---|---|
| १ | क्षेत्री | ५ (५०%) |
| २ | बाह्मण | २ (२५%) |
| ३ | दलित | १ (१२.५%) |
| ४ | जनजाति | १ (१२.५%) |

स्रोत : स्थलगत अध्ययन,२०६७

माथिको तालिका अनुसार नमूना छनोटमा परेका शिक्षकहरुमा सबैभन्दा बढी क्षेत्री जातिका ( ५०%) शिक्षकहरु पाईयो । नेपालमा पनि सबैभन्दा बढी क्षेत्री जातिको नै बाहुल्यता रहेको पाईन्छ । बाह्मण जातिको शिक्षकहरु (२५%) पनि संग्लन रहेको पाईयो । दलित र जनजाति जातका सबैभन्दा कम (१२.५% र १२.५%)) शिक्षकहरु शिक्षण पेशामा संग्लन रहेको पाईयो ।

### ४.३.३ शिक्षकहरुको लैङ्गिक अवस्था

**तालिका नं.९**

**शिक्षकहरुको लैङ्गिक स्थिति**

| क्र.स | लिङ्ग | शिक्षकहरुको सङ्ख्या |
|---|---|---|
| १ | महिला | २ (२५%) |
| २ | पुरुष | ६ (७५%) |

स्रोत : स्थलगत अध्ययन,२०६७

अध्ययन छनोटमा परेका ८ जना शिक्षकहरुको लैङ्गिक रुपमा अध्ययन गर्दा महिला शिक्षक र पुरुष शिक्षक रहेको पाईयो । सम्पूर्ण शिक्षक तथा शिक्षिका मध्ये पुरुष शिक्षक सबैभन्दा बढी (७५%) रहेको पाईयो । महिला शिक्षिका सबैभन्दा कम (२५%) रहेको पाईयो ।

## ४.४ प्रश्नपत्रको संरचनाको स्थिती

प्रश्नपत्रको संरचना अर्न्तगत प्रश्नपत्रको किसिम, पूर्णाङ्कभार, भाषाको माध्यमको आधारमा विश्लेषण गरिएको छ । हाल प्रचलनमा रहेको प्रश्नपत्रको सङ्ख्याका सर्न्दभमा शिक्षकसँग प्रतिक्रिया गरिएको थियो । प्रश्नपत्रहरु संकलित गरिएको थियो । उक्त प्रश्नपत्रबाट संकलित सूचनाहरुलाई अलग-अलग रुपमा विश्लेषण र व्याख्या निम्नानुसार गरिएको छ ।

### ४.४.१ प्रश्नपत्रको किसिम

नि.मा.वि तहको स्वास्थ्य तथा जनसङ्ख्या विषयमा सोधिने प्रश्नपत्रको किसिम निम्न तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८**

| प्रश्नपत्रको किसिम | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| बहुवैकल्पीक | | ०.५× १०=५ | |
| खाली ठाँउ भर्ने | | ४×१=४ | |
| छोटो उत्तर | ६×२ = १२ | ४×४ = १६<br>३×४ = १२ | १०×२ = २० |
| लामो उत्तर | ५×३ = १५<br>३×१ = ३ | ८×१ = ८<br>५×३ = १५ | ५× ६ = ३० |
| पूर्णाङ्क | ३० | ६० | ५० |

माथि प्रस्तुत तालिका नं. ८ लाई विश्लेषण गर्दा कक्षा ६ मा स्वास्थ्य तथा जनसङ्ख्या विषयमा २ किसिमका प्रश्नपत्रको संरचना रहेको पाईन्छ । जसमा छोटो उत्तर आउने प्रश्न १२ अकंको ६ वटा, लामो उत्तर आउने १८ अंकको ४ वटा रहेको पाईयो । कक्षा ७ मा प्रश्नपत्रको संरचना ४ किसिमको रहेको पाइयो । जसमा बहुवैकल्पीक ५ अंकको १० वटा, खाली ठाँउ भर्ने ४ अंकको ३ वटा, छोटो उत्तर आउने प्रश्न १६ अंकको ४ वटा र १२ अंकको ४ वटा र लामो उत्तर आउने ८ अंकको १ वटा र १५ अंकको ३ वटा रहेको पाईयो । त्यसैगरी कक्षा ८ मा २ किसिमका प्रश्नपत्रको संरचना रहेको पाईयो । जसमा छोटो उत्तर आउने २० अंकको १० वटा, लामो उत्तर आउने ३० अंकको ५ वटा रहेको पाईयो ।

उक्त प्रश्नपत्रको किसिम हेर्दा प्रश्नपत्रको किसिमका सन्र्दभमा उपयुक्त रहेको पाईयो । उक्त प्रश्न विद्यार्थीको मूल्याङ्कन गर्न आधारित र व्यवहारिकता मापन गर्ने खालको रहेको पाईयो । कक्षा ६, ७ का प्रश्नपत्रमा धेरैभन्दा धेरै प्रश्नहरु समावेश गरिने खालको प्रश्नपत्र निर्माण गरिएकाले सबै प्रश्नहरु परीक्षामा पूरा गर्न कठिन हुने खालको पाइयो । लामा पाठबाट कम प्रश्न र छोटा पाठबाट बढी लामा प्रश्न सोधिने गरेको पाईयो । कक्षा ६ र ८ मा वस्तुगत प्रश्नहरु समावेश नगरेको पाईयो ।

### ४.४.२ पूर्णाङ्कभार

छनोटमा परेका स्वास्थ्य तथा जनसङ्ख्या विषयको पूर्णाङ्कभार प्रत्येक विषयमा रहेको पाइयो । कक्षा ६ मा कुल ३० अंकलाई दुई प्रकृतिको २ अंकका ६ वटा प्रश्न, ५ अंकका ३ वटा प्रश्न र ३ अकंका

१ वटा प्रश्न, ५ अंकका ३ वटा प्रश्न सोधिने गरेको पाईन्छ । कक्षा ७ मा कुल ६० अंकलाई ५ अंकका ४ वटा प्रश्न, ८ अंकको १ वटा प्रश्न ४ अंकका ५ वटा प्रश्न, ३ अंकका ४ वटा प्रश्न सोधिने गरेको पाईन्छ । कक्षा ८ मा ५० पूर्णाङ्कको २० अंकको १० वटा प्रश्न र ५ अंकको ६ वटा प्रश्न सोधिने गरेको पाईन्छ ।

कम पूर्णाङ्कभार भएका धेरै प्रश्नहरु र धेरै पूर्णाङ्कभार भएका कम प्रश्नहरु सोधिने गरेको पाइन्छ । प्रश्नहरुको सरसर्ती विश्लेषण गर्दा अति सुक्ष्म कुरादेखि लिएर अति बृहत ज्ञानलाई मापन गर्न सक्ने खालका प्रश्नपत्रहरु निर्माण गर्न खोजिएको देखिन्छ ।

# परिच्छेद - पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

यस अध्ययन विरेन्द्रनगर नगरपालिकामा रहेका दुइवटा नि.मा.वि तहका विद्यालयका स्वास्थ्य तथा जनसङ्ख्या विषयमा अध्यापनरत शिक्षकहरुको प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान र कार्यान्वयनमा आधारित भई संचालन गरिएको थियो ।

उक्त तहका विषयका शिक्षकहरुमा प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान र कार्यान्वयनको अवस्था, विशिष्टीकरण तालिकाको प्रयोग, प्रश्न निर्माण सम्बन्धि आर्जन गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा लागु गर्ने उद्देश्यका साथ संञ्चालन गरिएको थियो । यस अध्ययनमा अन्तवार्ता प्रश्नावली, छलफल, दस्तावेज अध्ययनको माध्यमबाट आवश्यक सूचनाहरु संकलन गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ५.१ मुख्य प्राप्तिहरु

१. स्वास्थ्य तथा जनसङ्ख्या विषयका शिक्षकहरुमा उक्त विषयमा प्रश्नपत्र निर्माण गर्ने सैद्धान्तिक ज्ञान सामान्य मात्रामा रहेको पाईयो । विषयगत र वस्तुगत प्रश्नको तालमेल मिलाई प्रश्न निर्माण गरेको पाईयो । तर कक्षा ६, ८ मा वस्तुगत प्रश्न नरहेको पाईयो ।

२. सम्पूर्ण शिक्षकहरुले सम्पूर्ण विषयवस्तुलाई समेटेर प्रश्न निर्माण गरेको पाईन्छ ।

३. प्रश्नपत्र निर्माण गर्दा पाठ्यक्रम, विशिष्टीकरण तालिका, पाठ्यपुस्तकको आधारमा निर्माण गरेको पाईयो ।

४. विशिष्टीकरण तालिकाको बारेमा शिक्षकहरुमा ज्ञान कम रहेको पाईयो ।

५. प्रश्न निर्माण गर्दा ३ जना शिक्षकले विशिष्टीकरण तालिका, १ जना शिक्षकले पाठ्यपुस्तक ,१ जना शिक्षकले प्रश्न बैङ्क र १ जना शिक्षकले विषयविज्ञको सहयोगबाट प्रश्न निर्माण गरेको पाईयो ।

६. प्रश्न निर्माण गर्दा सम्पूर्ण शिक्षकले ज्ञान, बोध र प्रयोग तीनवटै पक्षलाई समेटेको पाईन्छ ।

७. प्रश्न बैङ्कको बारेमा ४ जना शिक्षकलाई जानकारी रहेको पाईयो भने २ जनालाई यससम्बन्धी जानकारी नभएको पाईयो ।

८. प्रश्न विश्लेषणको प्रयोग शिक्षकले प्रश्ननिर्माण गरिसकेपछि सिकाइका सिद्धान्त र पक्षलाई समेटेको छ वा छैन भनि हेर्न प्रयोग गरेको पाईयो ।

९. प्रश्नपत्रमा भएका कमीकमजोरी सच्याएर, दोहोरो अर्थ लाग्ने शब्दको प्रयोगलाई हटाएर, धेरैपल्ट बनाएको प्रश्नको विश्लेषण गरेर प्रश्नपत्रलाई शुद्ध बनाएको पाइयो ।

१०. सम्पूर्ण शिक्षकमा तालिमको अभाव रहेको पाइयो । शिक्षकहरुलाई तालिमको थप आवश्यकता रहेको पाइयो ।

११. प्रश्नपत्रलाई प्रभावकारी बनाउन प्रश्नपत्रको कमजोरी हटाउने र उद्देश्यमूलक बनाउने, पाठ्यक्रम र विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण गर्नुपर्ने, प्रश्ननिर्माण सम्बन्धि गोष्ठी गर्नुपर्ने धारणा रहेको पाईयो ।

१२. मौखिक परीक्षा र प्रयोगात्मक परीक्षाको प्रयोग गरेको पाईन्छ ।

१३. प्रश्न निर्माण गर्दा विशिष्टीकरण तालिकाको कम प्रयोग गरेको पाईयो । तर  कक्षा ८ को प्रश्नपत्रमा यसको सही उपयोग गरेको पाईयो ।

१४. प्रश्नपत्रमा तहगत आधारमा पूर्णाङ्कको अनुपात नमिलेको देखिन्छ । सानो कक्षा ६, ७ मा पूर्णाङ्क धेरै र ठूलो कक्षा ८ मा पूर्णाङ्क कम रहेको पाईयो ।

१५. स्वास्थ्य तथा जनसङ्ख्या विषयमा प्रश्ननिर्माण गर्दा कुनै पाठलाई बढी महत्व दिने र कुनै पाठलाई कम महत्व दिने गरेको पाईयो । पाठको पाठ्यभार अनुरुप प्रश्नहरु सबै पाठबाट समावेश गर्न नसकेको पाईयो ।

१६. बहुवैकल्पीक जोडा मिलाउने, खाली ठाँउ भर्ने, छोटो उत्तर आउने र लामो उत्तर आउने किसिमका प्रश्नहरु सोधिने गरेको पाईयो ।

१७. सबै कक्षाका प्रश्नहरुमा माध्यम भाषा नेपाली रहेको पाईयो ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययन  छनोटमा परेका दुइवटा विद्यालयका २ जना प्रधानाध्यापक र नि.मा.वि तहका स्वास्थ्य तथा जनसङ्ख्या विषयमा अध्यापनरत शिक्षकहरुमा प्रश्नपत्र निर्माण सम्बन्धि सैद्धान्तिक ज्ञान र कार्यान्वयनमा आधारित रहेको छ । यस अध्ययनमा प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्याबाट प्राप्त प्राप्तिहरुको आधारमा निम्न बमोजिम निष्कर्ष प्रस्तुत गरिएको छ ।

नि.मा.वि तहका स्वास्थ्य तथा जनसङ्ख्या विषयका शिक्षकहरुमा प्रश्न निर्माण गर्ने सैद्धान्तिक ज्ञान र यसको कार्यान्वयनमा सन्तोषजनक रहेको छ । कतिपय शिक्षकले आफूले पाएको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा लागू गरेको पाईदैन । प्रश्नपत्र तयार गर्दा सम्पूर्ण विषयवस्तुलाई समेटेर प्रश्न निर्माण गरेको पाईन्छ । प्रश्नपत्र तयार गर्दा कतिपय शिक्षकले विशिष्टीकरण तालिकाको माध्यमबाट र कतिपय शिक्षकले पुराना प्रश्नपत्र हेरेर प्रश्न निर्माण गरेको पाईन्छ । प्रश्न निर्माण गर्दा वस्तुगत र विषयगत प्रश्नको तालमेल मिलाएको पाईन्छ भने कुनै प्रश्नपत्रमा तालमेल मिलाएको पाइदैन । यसमा पनि शिक्षकहरुले प्रश्न निर्माणमा ध्यान पुर्‍याउन जरुरी रहेको पाईयो । प्रश्न निर्माण गर्दा कुनै पाठलाई बढी महत्व दिने र  कुनै पाठलाई कम महत्व दिने गरेको पाईन्छ ।

प्रश्न निर्माण सम्बन्धी तालिमको व्यवस्था कम मात्रामा रहेको देखिन्छ । कुनै शिक्षक तालिम प्राप्त छन भने कुनै शिक्षक तालिम अप्रयाप्त रहेको देखिन्छ । प्रश्न निर्माण सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्ने निष्कर्ष निकाल्न सकिन्छ । प्रश्नपत्र प्रभावकारी बनाउन प्रश्नपत्रको कमजोरी हटाउने र उद्देश्यमूलक बनाउने, पाठ्यक्रम र विशिष्टीकरण तालिकाको आधारमा प्रश्न निर्माण गर्नुपर्ने यस सम्बन्धि छलफल गर्नुपर्ने धारणा प्रधानाध्यापकको रहेको पाईन्छ ।

शिक्षकहरुले आफू स्थाई भएको कारणले गर्दा मलाई कसैले विद्यालयबाट निकाल्न सक्दैन जस्तो अहम् भावनाले गर्दा प्रश्न निर्माणमा हेलचक्रयाई गरेको पाईन्छ । कतिपय शिक्षक पढाइमा बढी योग्यता भएपनि आफूमा प्रश्न निर्माण गर्ने ज्ञान भएतापनि विशिष्टीकरण तालिकाको माध्यमबाट प्रश्न निर्माण नगर्ने, प्रश्न निर्माणमा त्यति वास्ता गरेको पाईएन । कतिपय शिक्षकको कम योग्यता भएतापनि आफू अस्थाई पदमा रहेको हुँदा आफ्नो जागिर जाने डरले गर्दा प्रश्न निर्माण सम्बन्धि ज्ञान नभएतापनि प्रश्नको निर्माणमा शुद्धाशुद्धि हेर्ने, प्रश्नको राम्रोसँग निर्माण गरेको पाईन्छ ।  प्रश्न निर्माण गर्दा कक्षा ७ मा बहुवैकल्पीक, खाली ठाँउ भर्ने, छोटो उत्तर आउने प्रश्न र लामो उत्तर आउने प्रश्नहरु समावेश गरेको पाईन्छ । कक्षा  ६ र ८ मा छोटो उत्तर र लामो उत्तर आउने प्रश्नहरु मात्र समावेश गरेको पाईन्छ । कक्षा ६ र ८ मा वस्तुगत प्रश्नहरु समावेश गरेको पाइदैन । मौखिक परीक्षा र प्रयोगात्मक परीक्षाको प्रयोग गरेको पाईन्छ । केही शिक्षकले विद्यार्थीलाई सोधेर कसैले कक्षाकोठामा प्रयोग गरेर, कसैले पूर्णाङ्कको आधारमा यसको प्रयोग गरेको पाइन्छ।

## ५. ३ सुझाव

प्राप्त तथ्याङ्कको विश्लेषण र अध्ययनबाट उपलब्ध जानकारीको आधारमा निम्न माध्यमिक तहका शिक्षकहरुमा प्रश्न निर्माण गर्ने ज्ञान र कार्यान्वयलाई प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ :-

- नि.मा.वि तहमा कक्षा ८ को लागि मात्र विशिष्टीकरण तालिकाको निर्माण भएको र कक्षा ६ र ७ मा यसको निर्माण नभएकोले गर्दा सम्पूर्ण तहमा यसको निर्माणमा विशेष ध्यान पुर्‍याउन जरुरी छ ।
- प्रश्न निर्माण सम्बन्धी तालिम सम्पूर्ण विद्यालयका शिक्षकहरुमा उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- विद्यार्थीको स्तरलाई ध्यानमा राखी प्रश्नको कठिनाईस्तरमा विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।
- प्रश्न पत्रको निर्माण गर्दा प्रश्न बैङ्क र प्रश्न विश्लेषणको माध्यमबाट प्रश्न बनाउनुपर्ने देखिन्छ ।
- प्रश्न निर्माण गर्दा पाठ्यक्रमका सम्पूर्ण विषयवस्तुलाई समेट्ने गरी पाठको पाठ्यभार अनुसार निर्माण गर्नुपर्ने देखिन्छ ।
- विषयगत र वस्तुगत प्रश्नको तालमेल मिलाई प्रश्न निर्माण गर्नुपर्ने देखिन्छ ।
- प्रश्नपत्रमा पूर्णाङ्क अनुसार समयको तालमेल मिलाउनुपर्ने देखिन्छ ।

# सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद,(२०६७ : ३९५) शिक्षा सेवा प्राविधिक सहायक, बागबजार काठमाडौ : आशिष पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद ( २०६६ ) शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली, बागबजार काठमाडौ :आशिष पुस्तक भण्डार ।

कैयुम, अब्दुल, (२०६२ :१५८ ), सामाजिक अध्ययन शिक्षण, पुतलीसडक काठमाडौ :प्रशान्ति पुस्तक भण्डार ।

ज.ब.रा स्वयम प्रकाश, श्रेष्ठ,चन्द्र, रञ्जितकार, किरण (२०६७ : ५४ ) भोटाहिटी काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

नेपाली बृहत शब्दकोष, (२०५०), कमलादी काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, तीर्थराज, खनाल, पेशल, अधिकारी, बालकृष्ण, निउरे ध्रुवप्रसाद, भट्टराई देवीप्रसाद, सुवेदी, खिमराज ( २०६५ : १३३ ), शिक्षामा मापन तथा मूल्याङ्कन, किर्तिपुर काठमाडौ : सनलाइट पब्लिकेशन ।

पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण, (२०६४ : १२६ ), बागबजार काठमाडौं : संगम बुक्स पब्लिकेशन ।

राष्ट्रिय योजना आयोग, नवौ योजना,(२०५४-२०५९), सिंहदरबार काठमाडौ : राष्ट्रिय योजना आयोगको सचिवालय ।

राष्ट्रिय योजना आयोग, दशौ योजना,(२०५९-२०६४), सिंहदरबार काठमाडौ : राष्ट्रिय योजना आयोगको सचिवालय ।

लुइटेल, चक्रपाणि, (२०६२ : ३१० ), सामाजिक अध्ययन शिक्षण, प्रर्दशनीमार्ग काठमाडौ : निमा पुस्तक प्रकाशन ।

विकासका निम्ति शिक्षा, (२०५७) काठमाडौ : त्रिभुवन विश्व विद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) ।

विशिष्टीकरण तालिका, (२०६५ :१ ) सानोठिमी भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र ।

सिंह, नागेश्वर,(२०६२ : २३४) पाठ्यक्रम तथा मूल्याङ्कन, रामशाहपथ काठमाडौ : पैरवी प्रकाशन ।

शर्मा, गोपीनाथ (२०६६ ) शैक्षिक आयोगका प्रतिवेदनहरु, डिल्लीबजार काठमाडौ : मकालु प्रकाशन गृह ।

शर्मा एण्ड शर्मा,(२०६३ : ८५ ) शैक्षणिक मूल्याङ्कन , भोटाहिटी काठमाडौ : एम. के पब्लिर्शस एण्ड डिष्टीव्युटर्स ।

शैक्षिक झलक,(२०६६),जिल्ला शिक्षा कार्यालय, सुर्खेत ।

# अनुसूची - १

## प्रधानाध्यापकसँग सोधिने खुला प्रश्नावली

विद्यालयको नाम :- सम्पर्क नं. :

प्रधानाध्यापकको नाम :-

पद :-

- प्रश्नपत्रको निर्माण गर्दा शिक्षकहरुले विषयवस्तुलाई के-कति समेटेको पाउनुभएको छ ?

.......................................................................................................

- यदि पाउनुभएको छैन भने किन होला ?

.......................................................................................................

- शिक्षकलाई प्रश्नपत्र निर्माण सम्बन्धि तालिमको व्यवस्था छ ?

.......................................................................................................

- यदि छैन भने किन होला ?

.......................................................................................................

- प्रश्नपत्र निर्माण गर्दा पाठ्यक्रमको उद्देश्यअनुसार गरेको पाईन्छ ?

.......................................................................................................

- प्रश्नपत्र निर्माण गर्दा विषयगत र वस्तुगत प्रश्नको तालमेल मिलाएको पाईन्छ ?

.......................................................................................................

- यदि पाईदैन भने किन होला ?

.......................................................................................................

- प्रश्नपत्रको निर्माण गर्दा प्रश्नको कठिनाईस्तरलाई कत्तिको ध्यान दिएको पाईन्छ ?

.......................................................................................................

- प्रश्न निर्माणमा पूर्णाङ्क तथा प्रश्नसङ्ख्या अनुसार समयलाई ध्यान दिएको पाईन्छ ?

.......................................................................................................

- तपाईको विचारमा प्रश्नपत्रलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

.......................................................................................................

# अनुसूची - २

## स्वास्थ्य तथा जनसङ्ख्या विषय अध्यापन गर्ने शिक्षकलाई सोधिने खुला प्रश्नावली

विद्यालयको नाम : ठेगाना

शिक्षकको नाम :- सम्पर्क नं :-

शिक्षण अनुभव :-

प्रश्नहरु कति प्रकारका छन् ?

.........................................................................................

तिनीहरु कस्ता -कस्ता होलान् ?

............................................................................................

प्रश्नपत्र के - को आधारमा निर्माण गर्नुहुन्छ ?

............................................................................................

सम्पर्ण विषयवस्तुलाई समेट्ने गरी प्रश्नको निर्माण गर्नुहुन्छ ?

.............................................................................................

यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

.............................................................................................

यदि गर्नुहुदैन भने नगर्नाको समस्याहरु के-के होलान् ?

.............................................................................................

प्रश्न निर्माण गर्दा कसको सहयोग लिनुहुन्छ ?

..........................................................................................

यदि कसैको  पनि सहयोग लिनुहुन्न भने किन ?

.................................................................................................

विषयगत प्रश्न भनेका कस्ता प्रश्न हुन् ?

..................................................................................................

वस्तुगत प्रश्न भनेका कस्ता प्रश्न हुन् ?

..................................................................................................

प्रयोगात्मक परीक्षा र मौखिक परीक्षाको प्रयोग गर्नुहुन्छ ?

.................................................................................................

यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

..................................................................................................

यदि गर्नुहुदैन भने नगर्नाको समस्याहरु के -के होलान ?

..........................................................................................................

निबन्धात्मक र छोटो उत्तर आउने प्रश्नको तालमेल मिलाई प्रश्नको निर्माण गर्नुहुन्छ ?

..........................................................................................................

यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

.........................................................................................................

यदि गर्नुहुदैन भने नगर्नाको समस्याहरु के - के होलान् ?

.........................................................................................................

विशिष्टीकरण तालिकाको बारेमा तपाईलाई थाहा छ ?

..........................................................................................................

प्रश्नपत्र तयार गर्दा विशिष्टीकरण तालिकाको प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

.........................................................................................................

यदि गर्नुहुदैन भने नगर्नुको कारण के-के होला ?

..........................................................................................................

प्रश्न निर्माण गर्दा सबै खालका प्रश्नहरुको तालमेल मिलाई प्रश्नको निर्माण गर्नुहुन्छ ?

.......................................................................................................

यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

..........................................................................................................

यदि गर्नुहुदैन भने नगर्नाको समस्याहरु के-के होलान् ?

..........................................................................................................

प्रश्न निर्माण गर्दा कुन कुन पक्षलाई ( ज्ञान, बोध, प्रयोग ) समेट्नु हुन्छ ?

.........................................................................................................

कुन - कुन पक्षलाई बढी प्राथमिकता  दिनुहुन्छ ?

..........................................................................................................

किन प्राथमिकता दिएको हो ?

.........................................................................................................

प्रश्न बैंङ्कको बारेमा जानकारी पाउनुभएको छ ?

.........................................................................................................

के तपाई यसको प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

.............................................................................................................

यदि गर्नुहुदैन भने नर्गनाको समस्याहरु के-के होलान् ?

...................................................................................................

प्रश्नबैङ्कको आवश्यकता किन पर्दछ ?

...................................................................................................

प्रश्न विश्लेषणको बारेमा जानकारी पाउनुभएको छ ?

....................................................................................................

के तपाई प्रश्नको निर्माण गरिसकेपछि प्रश्न विश्लेषण गरेर प्रश्नपत्र तयार गर्नुहुन्छ ?

......................................................................................................

प्रश्न विश्लेषणको प्रयोग कसरी गर्नुहुन्छ ?

.............................................................................................................

यदि गर्नुहुदैन भने नर्गनाको समस्याहरु के-के होलान् ?

.............................................................................................................

प्रश्न निर्माण गर्दा कुन-कुन पक्षलाई ध्यान दिनुहुन्छ ?

.............................................................................................................

प्रश्नपत्र कसरी शुद्ध बनाउन सकिन्छ ?

.............................................................................................................

प्रश्नपत्रलाई प्रभावकारी बनाउन तपाईलाई अरु थप तालिमको आवश्यकता छ जस्तो लाग्छ ?

.............................................................................................................

यदि लाग्छ भने कस्तो खालको आवश्यकता छ ?

.............................................................................................................

यदि आवश्यकता छैन भने किन होला

.............................................................................

तपाईको विचारमा प्रश्नपत्रलाई प्रंभावकारी बनाउन के -कस्ता प्रयास गर्नुपर्ला ?

............................................................................................................

## अनुसूची - ३

## एकीकृत वार्षिक परीक्षा प्रश्नपत्र निर्माण समिति, सुर्खेत

## २०६७

कक्षा :- ६ पूर्णाङ्क :-३०

विषय :-जनसङ्ख्या र वातावरण शिक्षा समय :-१ घण्टा उत्तीर्णाङ्क :- ९.६

छोटो उत्तर लेख । ६ X २ = १२

प्र.नं. १ आन्तरिक र बाह्य बसाइसराइमा फरक छुट्याउ ।

प्र.नं. २ कस्तो परिवारलाई सुखी परिवार भनिन्छ ?

प्र.नं. ३ यौन शिक्षा किन आवश्यक छ ? लेख ।

प्र.नं. ४ वन जंगल कसरी संरक्षण गर्न सकिन्छ ?

प्र.नं. ५ वातावरण सबैका लागि कि महत्वपूर्ण छ ?

प्र.नं. ६ मानिसले आफ्नो आय बृद्धिबाट के -के फाईदा पाँउछन् ?

समूह -(ख)

लामो उत्तर लेख १८

प्र.नं. १ तिमी बसेको ठाउँमा मानिसले के कस्तो इन्धन प्रयोग गर्दछन् ? तिनीहरु कहाँबाट प्राप्त हुन्छन् ? यिनीहरुको महत्व उल्लेख गर ।

१+२+२

प्र.नं. २ खाँली जमिनको सदुपयोग कसरी गर्न सकिन्छ ? बाढी पहिरोले पार्ने असरबारे लेख ।

१+४

प्र.नं. ३ वातावरणमा कन-कन वस्तुहरुको प्रयोग मानिसले गरिरहेका छन् ? त्यसका आधारमा मानिस र वातावरणको सम्बन्धबारे लेख । २+३

प्र.नं.४ पुरुष प्रजनन् प्रणालीमा भाग लिने अंगहरुको नाम लेख । ३

# अनुसूची - ४

# एकीकृत वार्षिक परीक्षा प्रश्नपत्र निर्माण समिति, सुर्खेत

# २०६७

कक्षा :-७ समय :- २ घण्टा पूर्णाङ्क :-६०

विषय :-स्वास्थ्य शारीरिक तथा जनसङ्ख्या वातावरण शिक्षा उत्तीर्णाङ्क :- १९.२

समह 'क' (स्वास्थ्य र शारीरिक शिक्षा)

प्र.नं. १ तलका प्रश्नहरुको मिल्दा उत्तर लेख । ०.५×१० = ५

(क) स्वचालित रुपमा चल्ने मांसपेशी कहाँ पाइन्छन् ?

(अ) खुट्टामा (आ) हातमा (इ) आमाशयमा (ई) औंलामा

(ख) कुन चाहि भिटामिनले मानिसको बौद्धिक विकासमा मद्दत गर्दछ ?

(अ) भिटामिन डि (आ) भिटामिन बी

(इ) भिटामिन सी (ई) भिटामिन के

(ग) प्राङ्गारिक मल बनाउने तरिका कुन हो ?

(क) सबै फोहर एकै ठाँउमा थुपार्ने

(ख) कुहिने फोहरमात्र छुट्याई सानो-सानो थुप्रो बनाउने

(इ) फोहरको थुप्रोलाई कहिल्यै नचलाउने

(ई) फोहरको थुप्रोलाई सुख्खा राख्ने

(घ) एड्स नामक उपचार नहुने अत्यन्त खतरनाक रोग तलको कुन विषाणको संक्रमणबाट हुन्छ ?

(क) कलेरी जिवाणु (आ) टिटानस जीवाणु

(इ) एच.आई.भी भाइरस (ई) टी.बी कीटाणु

(ङ) प्राथमिक उपचारको आवश्यकता किन पर्दछ ?

(अ) घाइतेलाई सुरक्षाको जानकारी गराउन

(आ) पिडा कम गराई घाईतेको ज्यान बचाउन

(इ) घाइतेको उपचार गर्न

(ई) घाइतेलाई दुर्घटनाबाट बचाउन

(च) सुर्तिमा पाइने रसायनिक पदार्थ कुन हो ?

(अ) भिटामिन (आ) आयोडिन (इ) निकोटिन (घ) तेल

(छ) तलका मध्ये के कारणले गर्दा नेपालमा प्रतिवर्ष हजारौं बालबालिकाहरुको मृत्यु हुने गरेको छ ?

(अ) औषधि उपचारको कमिले (आ) अस्वस्थ बानीबेहोराले

(इ) कुपोषणको कारणले (ई) अन्ध विश्वासको कारणले

(ज) भलिबल खेल खेल्दा जम्मा कति खेलाडीहरु फिल्डमा हुन्छन् ?

(अ) ६ जना (आ) ९ जना (इ) १२ जना (ई) १० जना

(झ) इन्साइड किकिङमा बललाई केले हान्नु पर्दछ ?

(अ) पञ्जाले (आ) खुट्टाको बुढी औंलाले

(इ) गोडाको भित्री भागले (ई) कुर्कुच्चाले

(ञ) बल थ्रोको गोल घेरा कति मिटर व्यासको हुनु पर्दछ ?

(अ) १ मिटर (आ) ५ मिटर (इ) २ मिटर (ई) ३ मिटर

प्र.नं. २ पाचन प्रणालीमा भाग लिने अंगहरुको चित्र बनाई नामहरु लेख । ८

प्र.नं. ३ शारीरिक व्यायाम भनेको के हो ? यसले हाम्रो शरीरलाई के-के गर्दछ ? ४

प्र.नं. ४ कबड्डी खेल कसरी खेलिन्छ ? लेख । ३

प्र.नं. ५ वातावरण प्रदुषणले धेरै ठूलो सामुदायिक स्वास्थ्य समस्या ल्याउन सक्छ ? लेख । ४

प्र.नं. ६ एड्स रोग कसरी सर्छ ? यसबाट बच्न के-के उपाय अपनाउन सकिन्छ । ३

प्र.नं. ७ लागूपदार्थ,मद्यपान,धुम्रपानबाट बच्ने उपायहरु के-के हुन् लेख ।

समह 'क' (जनसङ्ख्या वातावरण)

प्र.नं. १ खाली ठाँउमा मिल्ने शब्द राखी वाक्य पूरा गर : ४

(क) वि.सं २०५८ सालको जनगणना अनुसार नेपालको कुल जनसंङ्ख्या..............मध्ये पुरुष....................र महिला....................छन् ।

(ख) नेपालमा हालसम्म राष्ट्रिय निकुञ्ज ..............वटा आरक्ष.............वटा र संरक्षण क्षेत्र.................वटा छन् ।

(ग) प्राकृतिक वातावरणभित्र......................र.......................पर्दछन् ।

प्र.नं.२ फरक छुट्याउ (कुनै एकको मात्र ) ४

(क) जनगणनार पञ्जीकरण (ख) बाढी र पहिरो

प्र.नं ३ दैवी प्रकोप भनेको के हो ? दैवी प्रकोप भित्र के -के पर्दछन् ? लेख । ५

प्र.नं. ४ परिवार नियोजन भनेको के हो ? परिवार नियोजनका अस्थायी साधनहरु के-के हुन् ? कनै पाँचवटाको नामहरु लेख । ५

प्र.नं ५ जनसङ्ख्या शिक्षाको महत्व लेख । ३

प्र.नं. ६ इन्धनको बैकल्पिक स्रोतहरु के-के हुन् ? नामहरु लेखी एउटाको बारेमा वर्णन गर ।३

प्र.नं. ७ तिमी बसेको स्थानको भौतिक वातावरणबारे वर्णन गर । ४

# अनुसूची - ५

## एकीकृत वार्षिक परीक्षा प्रश्नपत्र निर्माण समिति, सुर्खेत

## २०६७

कक्षा :- ८ | समय :- १ घ.३०मी. | पूर्णाङ्क :-५०

विषय :- जनसङ्ख्या तथा वातावरण शिक्षा | उत्तीर्णाङ्क :- १७

प्र.नं. १ तलका प्रश्नहरुको छोटो उत्तर लेख । १०×२ = २०

(क) जनसङ्ख्या भनेको के हो ? लेख ।

(ख) जनसङ्ख्याका तत्वहरु के-के हुन् ?

(ग) सांस्कृतिक सम्पदा केलाई भनिन्छ ?

(घ) प्रदुषण के कारणले हुन्छ ? तीनओटा कारणहरु लेख ।

(ङ) वातावरणमा ह्रास आउने कारणहरु के-के हुन् ?

(च) जनसहभागिता किन आवश्यक पर्दछ ? कुनै दुइवटा बुदाहरु लेख ।

(छ) वनसम्पदालाई सुरक्षित गर्नाले के-के फाइदा हुन्छ ?

(ज) वातावरणीय सरसफाई भनेको के हो ?

(झ) कस्ता रोगहरुलाई यौन प्रसारित रोग भन्दछन् ?

(ञ) विश्व बालकोषको ( UNICEF) पूर्ण रुप लेख ।

प्र.नं. २ तलका प्रश्नहरुको लामो उत्तर लेख । ६×५= ३०

(क) जनसङ्ख्या र वातावरण एक आपसमा कसरी अन्तरसम्बन्धीत छन् ?लेख ।

(ख) राष्ट्रियहरुमध्ये कुन-कुन विश्वसम्पदा सूचीमा समावेश भएका छन् ?

(ग) तिम्रो वरिपरिका प्राकृतिक सम्पदाको विनाशबाट वातावरणमा आएको ह्रासका कारणहरु लेख ।

(घ) जनसङ्ख्या नियन्त्रण र वातावरण संरक्षण एंवम सर्वद्धनका कुनै पाँचवटा उपायहरु लेखी कुनै दुइको छोटो वर्णन गर ।

(ङ) संयुक्त राष्ट्र जनसङ्ख्या कोषको कार्यक्रमहरु के-के हुन् ? कार्यक्रमको सुची तयार पार्नुहोस् ।

(च) वि.स २०४० सालमा कुनै ठाँउको कुल जनसङ्ख्या ५०,००० थियो । त्यही ठाँउमा २५० जना जिवित शिशुहरुको जन्म भएको थियो भने त्यस ठाँउको कोरा जन्मदर कति थियो होला ?

## अनुसची - ६

## छनोटमा परेका शिक्षकहरुको नामावली

| नाम | लिङ्ग | | पद | | योग्यता | | | जात | | | | उमेर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | स्थाई | अस्थाई | आइ.ए | बि.एड | एम.एड | क्षेत्री | बाह्मण | दलित | जनजाति | |
| नेत्र बहादुर खत्री | १ | | १ | | | | १ | १ | | | | ५६ |
| तेज कुमारी बुढा | | १ | १ | | | १ | | १ | | | | ३४ |
| रेशम बहादुर के.सी | १ | | | १ | १ | | | १ | | | | ३३ |
| गोविन्द अधिकारी | १ | | | १ | | १ | | | १ | | | ३७ |
| पूर्ण बहादुर नेपाली | १ | | १ | | | | १ | | | १ | | ४५ |
| लक्ष्मी खड्का | | १ | १ | | | | १ | १ | | | | ४० |
| केशरसिङ राना | १ | | १ | | | | १ | | | | १ | ४२ |
| मणिराम लामिछाने | १ | | १ | | | १ | | | १ | | | ३१ |
| जम्मा | ६ | २ | ६ | २ | १ | ३ | ४ | ४ | २ | १ | १ | |

## अनुसची - ७

## निम्न माध्यमिक तहमा विषय, पूर्णाङ्क, पाठ्यभार व्यवस्था

| क.स | विषयहरु | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | अंग्रेजी | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ४ | सामाजिक शिक्षा | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ५ | विज्ञान | ५ | १०० | ५ | १०० | ५ | १०० |
| ६ | स्वास्थ्य र शारीरिक शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ७ | संस्कृत | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ८ | जनसङ्ख्या र वातावरण शिक्षा | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ९ | कला वा पूर्व व्यवसायिक | ३ | ५० | ३ | ५० | ३ | ५० |
| | | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

स्रोत :- निम्न माध्यमिक पाठ्यक्रम,२०६२,(कक्षा ६-८) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर

# अनुसची - ८

## कक्षा ८ को प्रश्न पत्र निर्माण तालिका

| एकाई | प्रश्न तालिका | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | छोटो उत्तर आउने प्रश्न | अङ्कभार | जम्मा | लामो उत्तर आउने प्रश्न | अङ्कभार | जम्मा | जम्मा |
| १ | १ | २ | २ | १ | ५ | ५ | ७ अङ्क |
| २ | १ | २ | २ | १ | ५ | ५ | ७ अङ्क |
| ३ | ३ | २ | ६ | १ | ५ | ५ | ११ अङ्क |
| ४ | ३ | २ | ६ | १ | ५ | ५ | ११ अङ्क |
| ५ | १ | २ | २ | १ | ५ | ५ | ७ अङ्क |
| ६ | १ | २ | २ | १ | ५ | ५ | ७ अङ्क |
| जम्मा | १० | २ | २० | ६ | ५ | ३० | ५० |

स्रोत : विशिष्टीकरण तालिका, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर